# प्रभाव दैनिक

National Daily

वर्ष ११ | अंक ३५४ | काठमाडौं | शनिबार, ०६ वैशाख २०८२ | Prabhab National Daily | Saturday, April 19, 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।–



**वायु प्रदूषणबाट जोगिने उपाय**

- वायु प्रदूषणवाट श्वासप्रश्वासमा असर पर्ने भएकाले घरवाहिर निस्कदा मास्कको प्रयोग गरौं,
- वातावरणमैत्री सवारी साधनको प्रयोग गरौं,
- दाउरा र कोइलाको सकेसम्म कम प्रयोग गरौं,
- निर्माणस्थल, उद्योग कलकारखाना आदिबाट निस्कने धुलो धुवाँको उचित व्यवस्थापन गरौं,
- श्वासप्रश्वाससम्बन्धी समस्या आएमा स्वास्थ्य परीक्षण गराऔं,
- जथाभावी प्लास्टिकलगायतका वस्तु नजलाऔं,
- रूखविरूवा रोपौ, हरियाली बढाऔं र वनजङ्गल जोगाऔं ।

वायु प्रदूषणको असरबाट बचौं र बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


## प्रधानमन्त्री र शिक्षक महासंघका पदाधिकारीबीच छलफल

### जारी शिक्षक आन्दोलन र समस्या समाधानका विकल्पका विषयमा छलफल भएको जानकारी



■ प्रभाव संवाददाता

**काठमाडौं–** आन्दोलनरत शिक्षकका प्रतिनिधिहरूले शुक्रबार प्रधानमन्त्री केपी शर्मा ओलीसँग छलफल गरेका छन् । आन्दोलनको नेतृत्व गरिरहेको नेपाल शिक्षक महासंघका पदाधिकारी बालुवाटारस्थित प्रधानमन्त्रीनिवासमा पुगेर प्रधानमन्त्रीसँग छलफल गरेका हुन् ।

छलफलमा सहभागी शिक्षकका अनुसार प्रधानमन्त्री ओलीसँग जारी शिक्षक आन्दोलन र समस्या समाधानका विकल्पका विषयमा छलफल भएको छ । यद्यपि, छलफलको निष्कर्षबारे भने केही बताइएको छैन । महासंघका अध्यक्ष लक्ष्मीकिशोर सुवेदी, सहअध्यक्ष नानुमाया पराजुली, महासचिव तुलाबहादुर थापा र उपमहाचिव मदनराज जोशीलगायत छलफलमा सहभागी थिए ।

विद्यालय शिक्षा विधेयक, २०८१ छिटो पारित हुनुपर्नेलगायत माग राखेर महासंघको आह्वानमा यही चैत २० गतेदेखि शिक्षकहरूले काठमाडौं केन्द्रित आन्दोलन जारी राखेका छन् । प्रधानमन्त्री ओलीले आन्दोलनमा उठाइएका जायज मागका सम्बन्धमा गृहकार्य गरी वार्ता र संवादबाट समस्याको समाधान गर्न गत चैत २५ गते उपप्रधान एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेल, गृहमन्त्री रमेश लेखक, शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री विद्या भट्टराईसहितलाई निर्देशन दिएका थिए ।

क्रमशः पृष्ठ २ मा

### ‘कक्षा १२ को परीक्षा स्थगित भएको छैन’

**भक्तपुर (प्रस)–** राष्ट्रिय परीक्षा बोर्डले यही वैशाख ११ गतेबाट सुरु हुने कक्षा १२ को परीक्षा स्थगित नगरिएकाले परीक्षाको तयारीमा निरन्तर लाग्न विद्यार्थीहरूलाई आग्रह गरेको छ । शिक्षक आन्दोलनका कारण कक्षा १२ को परीक्षा स्थगित भएको जनाउँदै शुक्रबार सामाजिक सञ्जालमा संप्रेषण भएको सूचनाले विद्यार्थीलाई भ्रमित पार्न खोजेकोले यस्ता भ्रममा नपरी परीक्षाको तयारीमा जुट्न विद्यार्थीहरूलाई बोर्डले आग्रह गरेको छ ।

शुक्रबार बोर्डले एक विज्ञप्ति जारी गर्दै परीक्षा पूर्वनिर्धारित तालिकाअनुसार हुने जानकारी दिँदै सामाजिक सञ्जालमा आएको विज्ञप्ति अनधिकृत भएकाले भ्रम फैलाउनेलाई कारबाही गरिने जनाएको छ । बोर्डले शुक्रबार सहज वातावरणमा परीक्षा सञ्चालनका लागि समन्वय र सहकार्य गर्न अभिभावक, शिक्षक एवं प्रधानाध्यापकलाई अपिल पनि गरेको छ ।

क्रमशः पृष्ठ २ मा

# सहकार्यको ‘स्पेस’ राख्न दाहाललाई एमालेको सुझाव

अहिलेको सरकार स्थिर छ । यसले स्थायित्व दिइरहेको छ । कसले के भनिरहेको छ, छाडिदिनुस् । ढुक्कले साथीहरु विकास निर्माणको काममा लाग्नुस् ।

■ **केपी शर्मा ओली**
प्रधानमन्त्री

नेपाली कांग्रेसका सबैजसो मन्त्रीहरु अब सरकारको विरोधमा बोल्न थाल्नुभएको छ । विस्तारै एमालेभित्र पनि उकुसमुकुस सुरु भएको छ । यो सरकार हामीले फाल्न बल गर्न पर्दैन । आफ्नै बोझ थाम्न नसकेर ढल्छ । सायद केही समयकोमात्र मेहेमान हुने स्थिति देखिन्छ ।

■ **पुष्पकमल दाहाल**
अध्यक्ष, माओवादी केन्द्र





■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रमुख प्रतिपक्षी दल नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालले दैनिकजसो यो सरकार ढल्ने अभिव्यक्ति दिँदै आएका छन् । शुक्रबार पनि कपिलवस्तु पुगेर दाहालले यो सरकार आफ्नै बोझले ढल्ने अभिव्यक्ति दिए ।

सत्तारुढ दलभित्रै तीव्र असन्तुष्टि जारी रहेको तर्क पेस गर्दै दाहालले यस्तो बताएका हुन् । ‘नेपाली कांग्रेसका सबैजसो मन्त्रीहरू अब सरकारको विरोधमा बोल्न थाल्नुभएको छ । विस्तारै एमालेभित्र पनि उकुसमुकुस सुरु भएको छ । यो सरकार हामीले फाल्न बल गर्न पर्दैन । आफ्नै बोझ थाम्न नसकेर ढल्छ । सायद केही समयकोमात्र मेहेमान हुने स्थिति देखिन्छ,’ दाहालले भने । यता दाहाल कपिलवस्तु पुगेर सरकार ढल्ने दाबी गर्दा प्रधानमन्त्री केपी शर्मा ओली भने चितवनको भरतपुर पुगेका थिए । भरतपुर महानगरपालिकाकी मेयर रेनु दाहाल माओवादी अध्यक्ष दाहालपुत्री हुन् ।

उनी मेयर रेनुको निम्तोमा भरतपुरको छ लेनको सडक उद्घाटन गर्न पुगेका प्रधानमन्त्री ओली इच्छामनकामना गाउँपालिकाको प्रशासकीय भवन उद्घाटन गर्न पुग्दा सरकार ढल्ने हल्लाको पछि नलाग्न आग्रह गरेका हुन् । ‘अहिलेको सरकार, हामीले केही भन्नै पर्दैन । यो सरकार स्थिर छ । यसले स्थायित्व दिइरहेको छ । कसले के भनिरहेको छ छाडिदिनुस् । ढुक्कले साथीहरू विकास निर्माणको काममा लाग्नुस्,’ प्रधानमन्त्री ओलीले भने, ‘एउटा गीत छ नि नलाग पछि हल्लैको भन्ने ।’ पछिल्ला दिनहरूमा माओवादी अध्यक्ष दाहाल नेकपाकालीन झल्को दिनेगरी कांग्रेसलाई सरकार परिवर्तनका लागि आग्रह गरिरहेका छन् ।

क्रमशः पृष्ठ २ मा

### कांग्रेसको दाउ बेग्लै

नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले पछिल्लो परिस्थितिलाई लिएर निरन्तर आफ्ना पदाधिकारी र मन्त्रीहरूसँग छलफल जारी राखेका छन् । बिहीबार बिहानमात्र देउवाले सरकार परिवर्तनका विषयमा पदाधिकारीसँग राय मागेका थिए । पदाधिकारीहरूले सरकार प्रभावहीन बनेको उल्लेख गर्दै देउवाले केही न केही कदम चाल्नुपर्ने बताएका थिए ।

यही मौका पारी देउवाले आफू बैंकक जान लागेको जानकारी दिए । देउवा वैशाख ७ बाट पाँच दिनका लागि बैंकक जाँदै छन् । त्यहाँ नियमित स्वास्थ्य जाँच गराउन आफू जान लागेको देउवाले बताएका छन् । यद्यपि, पदाधिकारीहरूले बैंकक जानुको राजनीतिक कारण पनि छ कि भनेर प्रश्न गरेका थिए । जवाफमा देउवाले त्यस्तो केही नभएको बताएका थिए ।

कतिपय नेताहरू बैंककमा सरकार परिवर्तनको डिल हुनसक्ने बताउँछन् । कांग्रेस अहिले महाधिवेशनका संघारमा छ । यद्यपि चुनावी सरकारको नेतृत्व देउवाले लिने भएकाले अहिले नै महाधिवेशन गर्ने तयारीमा देउवा देखिन्नन् । यसो भएमा कांग्रेसले नवीकरणको मौका गुमाउने भन्दै संस्थापनइतरका नेताहरू भने अहिले नै देउवालाई प्रधानमन्त्री बनाएर छिटो महाधिवेशन गर्ने पक्षमा देखिन्छन् ।

‘देउवालाई अहिले नै प्रधानमन्त्री बनाउन सके कांग्रेसको महाधिवेशन विधानअनुसार अघि बढ्छ,’ कांग्रेसका एक पदाधिकारीले भने, ‘यसका लागि प्रयास हुँदै छ ।’ यद्यपि देउवा बैंककबाट फर्केपछिमात्र यसको छनक पाइने ती पदाधिकारीको दाबी रहयो ।

**सन्दर्भः वैदेशिक रोजगार**

## वैदेशिक रोजगार व्यवसायलाई मर्यादित बनाउनुपर्नेमा जोड



काठमाडौं (प्रस)– नेपाली कांग्रेसका महामन्त्री गगनकुमार थापाले वैदेशिक रोजगार व्यवसायलाई सम्मानित र मर्यादित बनाउनुपर्ने बताएका छन् । नेपाली कांग्रेसको शुभेच्छुक संस्था नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनले शुक्रबार नेपाल वैदेशिक रोजगार व्यवसायी संघको नवनिर्वाचित कार्यसमितिलाई बधाई एवं नयाँ वर्षको शुभकामना आदानप्रदान कार्यक्रममा उनले सो व्यवसायलाई सम्मानित र मर्यादित बनाउनुपर्ने बताएका हुन् ।

महामन्त्री थापाले सरकारले निजी क्षेत्रलाई सम्मान गर्न नसक्दा अर्थतन्त्र चलायमान हुन नसक्नुका साथै रोजगारीको अवसरसमेत गुम्दै गएको बताए । उनले वैदेशिक रोजगारीको क्षेत्रमा देखिएका समस्या समाधान गर्नका लागि कांग्रेसले ‘मिसन रोजगारी’ राष्ट्रिय अभियान सुरु गरेको उल्लेख गरे ।

पूर्वमन्त्री थापाले वैदेशिक रोजगारीको क्षेत्रलाई तिरस्कार र गालीको क्षेत्र बनाउन नहुनेमा जोड दिए । ‘अहिले नेपाली कांग्रेसको दुई जना महामन्त्रीले मिसन रोजगारी भन्ने एउटा राष्ट्रिय अभियान प्रारम्भ गरेका छौं, त्यो अभियानको एउटा अभिन्न अंग भनेको एउटा वैदेशिक रोजगारी हो,’ उनले भने ।

कांग्रेसका केन्द्रीय सदस्य प्रकाश रसाइली स्नेहीले वैदेशिक रोजगारीको क्षेत्रमा देखिएका समस्या समाधानमा संघ र एसोसिएसन लाग्नुपर्ने बताए । कांग्रेस केन्द्रीय सदस्य अब्दुल सत्तारले स्वदेशमा रोजगारी नभएर मानिस विदेश जाने गरेको भन्दै अब स्वदेशमै रोजगारी सिर्जना गर्ने वातावरणमा सरकार लाग्नुपर्ने उल्लेख गरे ।

संघका नवनिर्वाचित अध्यक्ष भुवनसिंह गुरुङ, एसोसिएसनका अध्यक्ष दीपक थापालगायतले वैदेशिक रोजगारको क्षेत्रमा देखिएका समस्या समाधानमा हातेमालो गरेर अगाडि बढ्ने बताए ।

## नेपाली श्रमिकको स्वास्थ्यका लागि सघाउन युएईसँग आग्रह



**काठमाडौं (प्रस)–** स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले नेपाली श्रमिकहरूको प्रमुख श्रम गन्तव्य युएईका अधिकारीहरूसँग स्वास्थ्यका लागि सघाउन आग्रह गरेका छन् ।

अबुधाबीमा त्यहाँका स्वास्थ्य विभाग अध्यक्ष मन्सुर इब्राहिम अल मन्सुरीसँगको शिष्टाचार भेटका क्रममा मन्त्री पौडेलले ठूलो संख्यामा नेपाली त्यहाँ कार्यरत रहेको भन्दै उनीहरूको स्वास्थ्य रक्षाका लागि नेपाल सरकार प्रतिबद्ध रहेको र युएई सरकारबाटसमेत उनीहरूको स्वास्थ्य रक्षाका लागि सहयोगको अपेक्षा गरेको बताए । उनले प्रस्थान गर्नुअघि तथा फर्केपश्चात् सरकारलेसमेत श्रमिकको स्वास्थ्य रक्षाका लागि चालेको कदममा युएई सरकारबाट सहयोगको अपेक्षा गरे ।

मन्त्री पौडेलले नेपालले स्वास्थ्य क्षेत्रलाई डिजिटलाइजेसन प्रविधिमार्फत अगाडि बढाउन चाहेको र सर्वव्यापी स्वास्थ्य पहुँचअन्तर्गत स्वास्थ्य बिमा प्रणाली लागू गर्न चाहेको भन्दै नेपालमा मिर्गौला डायलसिस केन्द्रहरूको स्तरोन्नति र विस्तार तथा अंग प्रत्यारोपणका लागि सहयोग गर्नसमेत आग्रह गरे ।

युएईका स्वास्थ्य विभाग अध्यक्षले नेपालको स्वास्थ्य क्षेत्रको विकासमा सहयोग गर्न तत्पर रहेको र दुई देशबीच सम्झौता गरी आपसी सहयोग र सहकार्य गर्न आवश्यक रहेको बताए । उनले युएईमा रहेका नेपाली श्रमिकहरूको प्रशंसा गर्दै नेपालसँगको सम्बन्धलाई अझ मैत्रीपूर्ण र प्रगाढ बनाउन युएई

क्रमशः पृष्ठ २ मा


जनहितमा जारी सन्देश

**हावाहुरी बाट जोगिन घर लगायतका संरचना बलियो बनाऔं**

हावाहुरीलाई रोक्न सकिदैन, तर पूर्वतयारी गर्ने हो भने हावाहुरीबाट हुने क्षति कम गर्न सकिन्छ ।

- घरको संरचना बलियो बनाऔं ।
- हावाहुरी चल्न थाले झ्यालढोका थुनौं ।
- छानालाई ग्याबियन तारले राम्ररी कसेर बाधौं ।
- टिनको छानालाई जे-हुक (J-Hook) ले कसौं ।
- छतमा गमला बाधेर मात्र राखौं ।
- जस्तापाता लगायतका वस्तुहरु खुल्ला र जथाभावी नछोडौं ।
- भीडभाडमा भएका बेला हावाहुरी चले भागदौंड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं ।
- मोटरसाईकल, गाडी चलाईरहेको बेला हावाहुरी चले रोकेर सुरक्षित स्थानमा बसौं ।
- कतै कुनै सुरक्षति ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउँको छोपी घोप्टो परौं ।

प्रभाव दैनिक | www.prabhabonline.com | प्रभाव पब्लिकेसन प्रा.लि. कामपा-७, सिफल, काठमाडौं

# विश्वसम्पदा सूचीकृत क्षेत्रमा पदयात्रा

काठमाडौँ (प्रस)– विश्वसम्पदा दिवसका अवसरमा शुक्रबार स्वयम्भूदेखि वसन्तपुरसम्म पदयात्रा गरिएको छ। पुरातत्त्व विभाग, स्वयम्भू व्यवस्थापन तथा संरक्षण महासमिति, विभिन्न सांस्कृतिक संघसंस्थालगायतको सहभागितामा स्थानीय भुईंखेलबाट सुरु भएको यात्रा विभिन्न सम्पदा मार्ग हुँदै वसन्तपुरमा पुगेको हो।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डेले उक्त पदयात्राको शुभारम्भ गरे। उनले प्राचीन सम्पदा तथा पुरातात्त्विक महत्त्वका वस्तुले देशको ऐतिहासिकता, सभ्यताको अवस्थालाई अध्ययन र अनुसन्धानमा सहयोग गर्ने बताउँदै तीनको संरक्षण तथा सम्बर्द्धन गर्नुपर्ने बताए।

पदयात्रा सुरु भएको स्वयम्भूनाथ क्षेत्र र समापन गरिएको हनुमानढोका दरबार क्षेत्रको दूरी करिब तीन किलोमिटर छ। यस दूरीभित्र पुराना मन्दिर, पोखरी, कुवालगायत सांस्कृतिकस्थल तथा सम्पदा छन्। यात्राका क्रममा सहभागीले सम्पदा संरक्षणसम्बन्धी सन्देश फैलाएको थियो।

स्वयम्भू व्यवस्थापन तथा संरक्षण महासमितिले पनि विश्वसम्पदा दिवसका सन्दर्भमा स्वयम्भूनाथ चैत्य तथा त्यस आसपास क्षेत्रमा सरसफाइ गरेको छ। महासमितिका सचिव चन्द्ररत्न बुद्धाचार्यले स्वयम्भूको संरक्षण तथा स्थानीय जात्रा पर्व, संस्कृतिको जगेर्नामा महासमितिले सहयोग गर्दै आएको जानकारी दिए।

पृष्ठ १ बाट क्रमशः

## सहकार्यको 'स्पेस'...

दाहालले कांग्रेस सभापति शेरबहादुर देउवालाई प्रधानमन्त्री बन्न आग्रह गरिरहेका छन्। नेकपा फुटेपछि दाहाल र माधवकुमार नेपाल दैनिकजसो देउवालाई प्रधानमन्त्री बन्न भन्दै कहिले कांग्रेस केन्द्रीय कार्यालय सानेपा पुग्ये भने कहिले देउवानिवास बूढानीलकण्ठ। अहिले भने दाहालको साथमा एकीकृत समाजवादीका अध्यक्ष नेपाल साथमा छैनन्।

यद्यपि दाहालले समाजवादी मोर्चालाई सक्रिय बनाउने प्रयास गरेको छन्। पछिल्ला दिनमा राजावादी आन्दोलनका कारण सरकार 'डिफेन्सिभ' मोडमा पुगेको छ। यही मौकामा दाहालले भने राष्ट्रिय सहमतिको सरकार बनाउन सुझाएका छन्। कांग्रेस सभापति देउवा दाहालको सुझावसँग सहमत सुनिन्छन्। तर प्रधानमन्त्री ओली भने दुई दलीय सहमतिअनुसार आफ्नो पदावधि अझै १५ महिना बाँकी रहेको भन्दै राष्ट्रिय सहमतिको सरकारसँग तयार छैनन्।

दाहालले दैनिक सरकार ढल्ने मन्तव्य राखेपछि एमाले नेताहरू पनि उनीसँग आक्रोशित सुनिन्छन्। एमाले उपमहासचिव प्रदीप ज्ञवालीले विहीबारमात्र कटाक्ष गर्दै सामाजिक सञ्जाल फेसबुकमा लामो स्टाटस लेखेका छन्। 'कामरेड प्रचण्डको सत्ता अधीरता अचम्म लाग्दो छ। एकातिर कार्यकर्ताका बीचमा भन्नुहुन्छ- हाम्रो पक्षमा २०६४ जस्तो लहर आइरहेको छ- २०८४ मा देखाइदिन्छौं, अहिले त हामीलाई सरकारतिर हेर्ने फुर्सद पनि छैन। अर्कातिर हप्तैपिच्छे, महिनैपिच्छे सरकार आज ढल्यो, भोलि ढल्यो भन्ने भविष्यवाणी पनि गर्न छाड्नु हुन्न,' ज्ञवाली भनेका छन्।

ज्ञवालीले अघिल्ला सरकारहरूमा दाहालले साथ दिएको र अवको दिनमा पनि चाहिन सक्ने भन्दै 'खाना खाएपछि पानी खाने ठाउँ राख्न' सुझाएका छन्। '२०७४ सालमा नेपाली कांग्रेससँग सरकारमा रहँदाहँदै एमालेसँग वाम तालमेल गर्नु पनि एकदमै 'नैतिक' थियो, नेकपाको दुईतिहाइको सरकार ढाल्न नेपाली कांग्रेसलाई सत्तामा पुऱ्याउन अदालतमा हालिएको मुद्दा पनि 'सैद्धान्तिक' नै थियो, पाँच दलीय गठबन्धनका आधारमा चुनाव लडेर २०७९ पुस १० मा एमालेको समर्थनमा प्रधानमन्त्री बन्नु पनि एकदमै 'संगतिपूर्ण' थियो र त्यसै अवधिमा तीन–तीन पटक सत्तासहयात्री फेर्नु पनि 'शुद्ध राजनीतिक परिघटना' थियो। किनभने त्यहाँ 'पारसमणि' का रूपमा यहाँ हुनुहुन्थ्यो, सरले छोएपछि त फलाम पनि सुन नै बन्ने भयो नि!'

कटाक्ष गर्दै उपमहासचिव ज्ञवालीले भनेका छन्। यतिमात्र हैन, उनले यदि माओवादी बलियो भएको भए अर्लि चुनाव मान्नुपर्ने सुझावसमेत दिएका छन्। 'आफ्नो पार्टी बलियो छ, लोकप्रिय छ भन्ने विश्वास भएकाहरूले अर्लि चुनाव माग्छन्, कतिवेला सरकार ढल्ला र कुदिहालौंला भन्दैनन्,' ज्ञवालीले भनेका छन्, 'बुद्धापाकाहरू त्यसै भनेका होइनन् नि- खाना खाएपछि पानी खाने ठाउँ बाँकी राख्नु है नानी हो!'

■■■

## प्रधानमन्त्री...

मन्त्रिपरिषद्को यही वैशाख २ गतेको बैठकले संघीय संसदमा विचाराधीन रहेको विद्यालय शिक्षा विधेयक यथाशक्य पारित गर्नेसमेतका प्रयोजनका लागि संघीय संसदको अधिवेशन आह्वान गरी सरकारको तर्फबाट सो विधेयक पारित गर्न आवश्यक समन्वय र सहजीकरण गर्ने र यसका लागि वैशाख १२ गते शुक्रबार दिउँसो १ बजे बैठकको आह्वान गर्ने निर्णय गरेको थियो। मन्त्रिपरिषद्को सोही बैठकले महासंघले उठाएका मागहरूको यथोचित सम्बोधन गर्ने सम्बन्धमा संवाद निरन्तर रहेको र अझै संवाद गर्ने सरकार संवेदनशील र गम्भीर रहेकाले विद्यालय भर्ना अभियान, एसइईको उत्तरपुस्तिका परीक्षण र कक्षा १२ को परीक्षालाई ध्यान दिइ आन्दोलन फिर्ता गरी विद्यालय फर्कन शिक्षकहरूलाई आह्वान गरेको थियो।

तर, आगामी अधिवेशनबाट विधेयक पारित हुने सुनिश्चितता नभएको भन्दै शिक्षकहरूले आन्दोलनलाई जारी राखेका छन्। मन्त्रिपरिषद्को निर्णयको भोलिपल्टै वैशाख ३ गते सभामुख देवराज घिमिरेले आगामी बजेट अधिवेशनबाट शिक्षा विधेयक पारित हुने सम्भावना नरहेको बताएपछि शिक्षकहरू थप आक्रोशित बनेका थिए। सभामुख घिमिरेले बजेट अधिवेशनमा बजेटमाथिको छलफलले प्राथमिकता पाउने हुनाले शिक्षा विधेयक पहिलो प्राथमिकतामा नपर्ने बताएका थिए।

शिक्षकहरूको पहिलो सर्त नै शिक्षा ऐन रहेको छ। उक्त ऐन हातमा लिएर मात्रै आफूहरू फर्कने बताउँदै आएका छन्। शिक्षकहरूको आन्दोलन नरोकिँदा वैशाख २ गतेबाट सुरु भएको सामुदायिक विद्यालयको भर्ना अभियान पूर्णरूपमा प्रभावित भएको छ। एसइईको उत्तरपुस्तिका परीक्षण नगर्नसमेत अस्वीकार गरेका कारण नतिजामा ढिलाइ हुने सम्भावना बढेको छ। साथै, यही वैशाख ११ बाट हुने कक्षा १२ को परीक्षासमेत प्रभावित हुने देखिएको छ।

■■■

## कक्षा १२ ...

परीक्षा जस्तो संवेदनशील विषयमा बोर्डको लेटरप्याडमा अध्यक्षको हस्ताक्षर राखी अनधिकृत र भ्रामक सूचना सम्प्रेषण गर्ने उपर साइबर कानुनअनुसार आवश्यक कारवाहीका लागि प्रक्रिया अगाडि बढाइएको बोर्डले विज्ञप्तिमार्फत जनाएको छ। बोर्डको वेबसाइटमार्फत सूचना सार्वजनिक हुने हुँदा अन्य स्रोतबाट प्रवाह भएका कुनै पनि सूचनामा भर नपर्न अनुरोधसमेत गरेको छ।

■■■

## नेपाली श्रमिकको...

नेपालको स्वास्थ्य क्षेत्रमा लगानी गर्न तयार भएको तर यसका लागि नेपाल सरकारबाट उपयुक्त वातावरण र कानूनी आधार तयार हुन आवश्यक रहेकोसमेत बताएको युएईस्थित नेपाली दूतावासले जानकारी दिएको छ। भेटमा नेपाली राजदूत तेजबहादुर क्षेत्रीसमेत सहभागी थिए। मन्त्री पौडेल आइतबार आयोजना हुने 'नेपाल फेस्टिभल'मा सहभागी हुने दूतावासले जनाएको छ।


## बोलपत्रद्वारा वनपैदावार लिलाम बिक्री सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित सूचना मिति २०८२।०१।०६

यस जन कल्याण सामुदायिक वन उपभोक्ता समूह राक्सिराङ.,८ मकवानपुरले आ.व. २०८१।०८२ मा स्वीकृत वन कार्ययोजनामा व्यवस्था भए अनुसार ढलापाडा रूखहरूबाट संकलन भएको काठ/दाउरा उपभोक्तालाई बिक्री गरी, जि.व.पै.आ. समितिलाई २५ प्रतिशत काठ छुट्याईको बाँकी रहेको साल समेतको गोलिया थान १८९ को १५८०.५१ क्यू.फि. काठ,दाउरा ४ चट्टा बोलपत्र मार्फत लिलाम बिक्री गर्नुपर्ने भएको हुदाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफनै खर्चमा उठाई लैजान यो सूचना प्रकाशित गरिएको छ। वन नियमावली २०७९ को नियम १२८ अनुसार सूचीकृत भएको ईच्छुक काष्ठ उधोगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन खरिद गरि २२ औ दिन दिनको १२ बजे भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। बिस्तृत जानकारीको लागी यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ।

**श्री जन कल्याण सामुदायिक वन उपभोक्ता समूह राक्सिराङ. ०८ मकवानपुर**

## कर्मचारी नरहेको सूचना

नेपाल सरकारबाट बैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त यस **Chandra Kamana Manpower Pvt.ltd. (A.d. Careers Pvt.ltd.)** इजाजत नम्बर १४०५/०७४/७५ मा कार्यरत निम्न कर्मचारी हाल यस कार्यालयबाट राजीनामा दिई कार्यरत नरहेको सम्बन्धित सबैमा जानकारी गराइन्छ। निजसँग यस प्रा.लि.को नाममा बैदेशिक रोजगार सम्बन्धी कुनै पनि काम नगर्न/नगराउनु हुन यसै सार्वजनिक सूचनाद्धारा सम्बन्धित सबैमा जानकारी गराइन्छ र यदि यसो गरे गराएमा यस प्रा.लि. जिम्मेवार हुने छैन। साथै कुनै दावी विरोध भएमा ७ (सात) दिनभित्र यस प्रा.लि. मा वा बैदेशिक रोजगार कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

| SN | NAME | CITIZENSHIP NO. |
|---|---|---|
| 1 | Digambar Thakur | 18652236 |
| 2 | Dipika Tamang | 06-52666 |
| 3 | Om Kumar Gupta | 1097/459 |
| 4 | Rambabu Shah | 83522537 |
| 5 | Ramdev Das Tatama | 66042287 |
| 6 | Suresh Kc | 19952 |
| 7 | Suja Bhujel | 46577 |

**Chandra Kamana Manpower Pvt.ltd.**
**(A.d. Careers Pvt.ltd.)** LIC. 1405/074/75
Ratopul, Gauhala, Kathmandu, Nepal, Contact: +977-01-4542876, 4538339,
E-mail : chandrakamna05@gmail.com, Web: www.chandrakamanamanpower.com

## साशा ईन्जिनियरिङ्ग हाईड्रोपावर लिमिटेड

का.म.पा - १ कमलादी, काठमाडौ

### विशेष साधारण सभा बस्ने सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति २०८२/०१/०६**

**आदरणीय शेयरधनी महानुभावहरु,**
मिति २०८२ साल बैशाख ५ गते शुक्रबार बसेको सञ्चालक समिति बैठकको निर्णय अनुसार यस विशेष साधारण सभा देहायको मिति, स्थान र समयमा निम्न लिखित विषयहरुका सम्बन्धमा छलफल तथा निर्णय गर्न बस्ने भएकोले शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितीको लागी हार्दिक अनुरोध गर्दछौ।

**सभा हुने मिति, स्थान र समय**
मिति : २०८२ साल बैशाख २१ गते, आईतबार (तदनुसार सन् २०२५, मे ४)
स्थान : कम्पनीको कार्यालय कमलादी, काठमाण्डौ।
समय : बिहानको ११ : ०० बजे।

**छलफल तथा निर्णयका लागी निर्धारीत विषय सूचीहरु :**
**क) बिशेष प्रस्तावहरु :**
१. कम्पनीको पुँजी बृद्धी गरी प्रबन्ध पत्रमा आवश्यक संशोधन गर्ने सम्बन्धी प्रस्ताव पारीत सम्बन्धमा।
२. कम्पनीको प्रबन्ध पत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने सम्बन्धी प्रस्ताव पारीत सम्बन्धमा।
३. प्रबन्धपत्र र नियमावलीमा गरिने संसोधन/थप उपर नियमनकारी निकाय वा कार्यालय बाट प्राप्त हुने निर्देशन बमोजिम प्रबन्धपत्र वा नियमावली संसोधन एवं परिमार्जन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने।
४. सेयर खरिद बिक्रि तथा जगेडा सेयर बिक्रि गर्न स्विकृति प्रदान गर्ने सम्बन्धमा।
५. विविध।

**संचालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

**दोस्रो पटक प्रकाशित मितिः २०८२/०१/०६**

यस कम्पनीको मिति २०८१/०८/२६ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **लेकाली भोज प्रा.लि**. को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि **पिकलो धुम्बाराही प्रा.लि**. (परिवर्तित नाम) कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८१/०९/१२ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **पिकलो धुम्बाराही प्रा.लि**. (प्रा.लि.नं.२९८५२१) कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराईन्छ।

## काठ, दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

**दोश्रो पटक सूचना प्रकाशन मिति २०८२।०१।०६**

यस सामुदायिक वन उपभोक्ता समूहबाट विगत आ.व. मा ढलापडा रूखहरूबाट संकलन भएको विभिन्न लटको साल जातको गोलिया १३२२.८५ क्यू.फि., साल चिरान ७७३.९९ क्यू.फि. काठ र साल दाउरा १.५० चट्टा लिलाम बिक्री गर्नु परेकोले यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र शिलवन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। थप जानकारीको लागि यस समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ।

**श्री राजारानी सा.व.उ.स., तिनाउ–२, पाल्पा।**

## नाम परिवर्तन सम्बन्धि सूचना

**दोस्रो पटक प्रकाशित मितिः २०८२/०१/०६**

कम्पनीको मिति २०८०/१०/०९ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय वमोजिम कम्पनीको नाम तथा ठेगाना तपसिल वमोजिम परिवर्तन गर्ने गरी साबिकको कम्पनीको नाममा रहेको चल अचल सम्पति तथा तिर्नु व्यहोर्नुपर्ने कर दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने जानकारी गराईन्छ।

**तपसिल**
**साविकको नाम ठेगानाः मोहन गुरुङ्ग कन्स्ट्रक्सन एण्ड सप्लार्यस प्रा.लि.**
जिल्ला काठमाडौं, का.म.न.पा -१०
**परिवर्तित नाम ठेगानाः फेदि पाँचमाने कन्ष्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.**
जिल्ला काठमाडौं, तार्केश्वर न.पा.-०३

## काठ/दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

**प्रथम पटक प्रकाशन मितिः २०८२/०१/०६ गते**

श्री अग्रेली बबई संरक्षण सामुदायिक वन उपभोक्ता समूह, बबई गा.पा.-५, अग्रेली, दाङको वनबाट उत्पादन भई बबई गा.पा.-५, अग्रेली, दाङको घाट्गद्दीमा लट बनाई राखिएको साल तथा अन्य जातको गोलिया काठ थान ४१७ को ३६३३.४६ घ।फि तथा साल जातको दाउरा ८ चट्टा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। काठ/दाउरामा आधारित उद्योग सञ्चालन गर्ने भनि प्रचलित कानून बमोजिम दर्ता तथा नविकरण भई वन नियमावली १२८ बमोजिम सूचीकृत भएका उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २२ औं दिन (२०८२।०१।२४ गते) भित्र र सो दिन सार्वजनिक बिदा परेमा सो को लगत्तै भोलि पल्ट प्रत्येक लटको छुट्टाछुट्टै सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धि विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ। पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ।

**अध्यक्ष/श्री अग्रेली बबई संरक्षण सामुदायिक वन उपभोक्ता समूह**
**बबई गा.पा.-५, दाङ**

## काठमाण्डौं विश्वविद्यालय स्कुल अफ आर्टस, हातिवन, ललितपुर

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना
प्रकाशित मितिः २०८२/१/६

काठमाण्डौं विश्वविद्यालय, स्कुल अफ आर्टस्को मिति २०८१/११/०३ गते प्रकाशित सूचना अनुसार कम्प्युटर उपकरण खरिद कार्यका लागि रितपूवर्क प्राप्त हुन आएका बोलपत्र नियमानुसार मुल्यांकन हुँदा तपसिल बमोजिमको बोलपत्रदाताको बोलपत्र सारभुत रुपमा प्रभावग्राही बोलपत्र भई स्वीकृतको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) को प्रयोजनार्थ सम्बन्धित सवै बोलपत्रदाताहरुको जानकारीको लागि यो ७ दिने सुचना जारी गरिएको छ।

तपसिल

| क्र.स | कामको विवरण | दरभाउपत्र दाताको नाम र ठेगाना | कबोल गरेको रकम (मु.अ.कर सहित) |
|---|---|---|---|
| 1 | Supply of Computer Equipments | Advance Computer Infosys Pvt. Ltd., Banepa, Kavre | 44,84,405/- |

डीन,
स्कुल अफ आर्टस,
काठमाण्डौं विश्वविद्यालय, हातिवन, ललितपुर


## आजको राशिफल



आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु
इन्टरनेसनल एस्टोलोजिकल फोरम
सानेपा, काठमाडौं, नेपाल
फोन : ९८४१५९२५५२,
Email: dhruvswamig@gmail.com

शनिबार, ०६ वैशाख, २०८२

| | |
|---|---|
| मेष | सानोतिनो समस्याले अल्झाउन सक्छ। |
| वृष | समाजिक जिम्मेवारी उपलब्ध हुनेछ। |
| मिथुन | प्रियजनसँग रमाइलो भेटघाट हुनेछ। |
| कर्कट | काम गर्दा सकारात्मक संकेत प्राप्त हुनेछ। |
| सिंह | मिहिनेछ गर्दा आम्दानीको स्रोत फेला पर्ला। |
| कन्या | विवादास्पद कामको जिम्मेवारी आउनेछ। |
| तुला | सोचेको उपलब्धि तत्काल प्राप्त नहुने। |
| वृश्चिक | कामको मेरो नमिल्दा केही अलमल्ल हुनेछ। |
| धनु | सम्भावना देखिए पनि समयमा काम नहुने। |
| मकर | सुखद समाचारले उत्साह जगाउनेछ। |
| कुम्भ | रोकिएका काम सम्पादन हुनेछ। |
| मीन | नयाँ कामको अवसर प्राप्त हुनसक्छ। |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

०६ वैशाख, २०८२ (१९, अप्रिल २०२५)

| मुद्रा | एकाइ | खरिद दर | विक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १३६.३० | १३६.९० |
| युरो | १ को | १५४.९३ | १५५.६१ |
| पाउन्ड स्टिर्लङ | १ को | १८०.४० | १८१.१९ |
| स्विस फ्रैन्क | १ को | १६६.८२ | १६७.५५ |
| अस्ट्रेलियन डलर | १ को | ८६.७२ | ८७.१० |
| क्यानाडियन डलर | १ को | ९८.१५ | ९८.५८ |
| सिङ्गापुर डलर | १ को | १०३.८८ | १०४.३३ |
| जापानी येन | १० को | ९.५६ | ९.६१ |
| चिनियाँ युआन | १ को | १८.६७ | १८.७५ |
| साउदी अरब रियाल | १ को | ३६.३२ | ३६.४८ |
| कतारी रियाल | १ को | ३७.३९ | ३७.५६ |
| थाई भाट | १ को | ४.०९ | ४.११ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३७.११ | ३७.२७ |
| मलेसियन रिङेट | १ को | ३०.९२ | ३१.०६ |
| दक्षिण कोरियन वन | १०० को | ९.६२ | ९.६६ |
| स्विडिस क्रोनर | १ को | १४.०५ | १४.११ |
| डेनिस क्रोनर | १ को | २०.७५ | २०.८४ |
| हङकङ डलर | १ को | १७.५६ | १७.६३ |
| कुवेती दिनार | १ को | ४४४.५८ | ४४६.५४ |
| बहराइन दिनार | १ को | ३६१.६० | ३६३.१९ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ। वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ। अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ।

# निजामती विधेयकसम्बन्धी उपसमितिको प्रतिवेदनमाथि छलफल

**काठमाडौं (प्रस)–** नेकपा माओवादी केन्द्रका प्रमुख सचेतक हितराज पाण्डेले 'संघीय निजामती सेवाको सञ्चालन र सेवाका सर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८०' मा 'कुलिङ पिरियड' कम्तीमा दुई वर्षको राख्नुपर्ने सुझाव दिएका छन् ।

प्रतिनिधिसभाको राज्य व्यवस्था तथा सुशासन समितिको शुक्रबारको बैठकमा 'संघीय निजामती सेवाको सञ्चालन र सेवाका सर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८०' सम्बन्धमा उपसमितिको प्रतिवेदनमाथिको छलफलका क्रममा प्रमुख सचेतक पाण्डेले भने, 'कुलिङ पिरियड नराख्दा विशिष्ट श्रेणीको कर्मचारी कार्यकाल पूरा नहुँदै राजीनामा दिएरसमेत जाने गरेका कारण नागरिकलाई गर्ने सेवा प्रभावित भइरहेको छ, अतिरिक्त सचिवको विषयमा एकपटक अनुभव गरेर हटाइसकिएको हो ।'

नेपाली कांग्रेसका सांसद एवं समितिका सदस्य दिलेन्द्रप्रसाद बडूको संयोजकत्वमा गठित उपसमितिले विधेयकलाई टुंगोमा पुऱ्याएर समितिलाई गत चैत २० गते प्रतिवेदन बुझाएको थियो । प्रतिवेदनमाथिको छलफलमा सांसद हृदयराम थानीले कोही कसैलाई पनि विभेद हुनेगरी कानुन निर्माण गर्न नहुनेमा जोड दिए । उनले भने, 'एउटै मापदण्ड बनाउनुपर्छ, फरक-फरक नबनाउँ, कुलिङ पिरियडलाई एक वर्ष राखिएको छ, दुई वर्ष नै राखौं, सबैको चाहना दुई वर्ष छ भने किन नराख्ने ?'

सांसद दुर्गा राईले सरकारी जागिरका लागि पुरुषको उमेर ३५ वर्ष कायम गर्दैगर्दा महिलाको हकमा ४० वर्ष नै राख्नुपर्नेमा जोड दिइन् । उनले भनिन्, 'पुरुषको ३५ वर्ष हुँदै गर्दा विधेयकमा महिलाको एक वर्ष किन घटाइएको हो ? यसमा किन अनुदार देखिएको हो ? यसमा ४० वर्ष नै राख्नुपर्छ ।'

सांसद रघुजी पन्तले भने, 'अतिरिक्त सचिव पनि नराखौं, नराख्दा त कर्मचारी व्यवस्थापनमा समस्या भइरहेको छ, फेरि राखियो भने समस्या आउँछ, ११औं र १२औं तह छँदै छ, अतिरिक्त सचिव राख्ने हो भने फेरि राज्यलाई आर्थिक भार बढ्छ ।'

# प्रमुख आयुक्त थपलियाको बिदाइ

■ प्रभाव संवाददाता



**काठमाडौं–** निर्वाचन आयोगका प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियालाई शुक्रबार बिदाइ गरिएको छ । आयोगले शुक्रबार एक कार्यक्रमको आयोजना गरी बिदाइ गरेको हो । आयोगको प्रमुख निर्वाचन आयुक्त थपलिया नेपालको संविधानको धारा २४५ को उपधारा (३) बमोजिमको छ वर्षको पदावधि पूरा गरी आज (वैशाख ६ गते)देखि निवृत्त हुँदै छन् ।

बिदाइ समारोहमा प्रमुख निर्वाचन आयुक्त थपलियाले निर्वाचन आयोगको छ वर्षको अनुभवलाई लोकतन्त्रको सुदृढीकरण र निर्वाचन व्यवस्थापन सुधारका लागि सिर्जनात्मक चिन्तन र अनुभूतिको आत्मदर्शन गर्ने महत्त्वपूर्ण अवसरका रूपमा लिएको बताए । उनले भने, 'यस अवधिमा प्रतिनिधिसभा, प्रदेशसभा र स्थानीय तहका आवधिक निर्वाचन, राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचन, राष्ट्रिय सभा सदस्य निर्वाचन र विभिन्न उपनिर्वाचन स्वच्छ र स्वतन्त्र रूपमा सम्पन्न भई जनमतको स्वःस्फुर्त अभिव्यक्तिमार्फत लोकतन्त्रको संस्थागत सुदृढीकरणमा योगदान पुगेको छ ।'

साथै उनले स्वतन्त्रताको उद्घोषसँगै सुरू भएको र समयले परिपक्व बनाउँदै लगेको नेपालको निर्वाचन जनताको अभिमतले लेखिएको लोकतन्त्रको महागाथा भएको बताए । उनले भने, 'निर्वाचन आयोगले झण्डै छ दशकमा भोगेको राजनीतिक व्यवस्था, निर्वाचन प्रणाली र निर्वाचन व्यवस्थापन प्रक्रियाका उतारचढावपूर्ण यात्राले निर्वाचन लोकतन्त्रको आत्मा हो र नागरिक सहभागिता त्यसको प्राण हो भन्ने स्पष्ट सन्देश प्रवाह गरेको छ ।'

निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले आयोगको कुशल नेतृत्व तथा आयोग परिवार र सरोकारवालाबीचको आपसी समन्वय र क्रियाशीलताबाट निर्वाचन व्यवस्थापन प्रक्रियामा सुधार हुँदै गएको उल्लेख गरे । बिदाइ समारोहमा प्रमुख निर्वाचन आयुक्त थपलियाले २०७६ साल वैशाखदेखि २०८१ चैतसम्म निर्वाचन आयोगबाट सम्पादित प्रमुख कार्यहरूको विवरण रहेको निर्वाचन आयोगका छ वर्ष शीर्षकको पुस्तिका सार्वजनिक गरेका थिए ।

# प्रि–मनसुन अवधिमा ४१ जनाको मृत्यु, २५७ घाइते

**काठमाडौं–** यस वर्षको प्रि-मनसुनको हालसम्मको अवधिमा विपद्जन्य घटनामा परी ४१ जनाको मृत्यु भएको छ । २५७ जना घाइते भएको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण व्यवस्थापन प्राधिकरणले जनाएको छ ।

प्राधिकरणका अनुसार यस अवधिमा करोडौं रूपैयाँ बराबरको क्षति भएको छ । मुलुकमा अहिले प्रि-मनसुनको अवधि छ । साधारणतया मध्य फागुनदेखि मध्य जेठसम्म अर्थात् अंग्रेजी महिनाको मार्चदेखि मे महिनासम्मको समयलाई प्रि-मनसुन भनिन्छ । प्राधिकरणका अनुसार प्रि-मनसुनमा स्थानीय वायुको प्रभावले समान्यतया दिउँसो, साँझपख र राति मौसम खराब भई नेपालका केही स्थानमा असिना पर्ने, हुरीबतास चल्ने, मेघगर्जन र चटचाङ पर्नेजस्ता मौसमी गतिविधि हुने गर्छ ।

प्राधिकरणले शुक्रबार सूचना जारी गर्दै हाल देशमा मुख्यतया स्थानीय वायु तथा पश्चिमी वायुको प्रभावले केही स्थानमा मेघगर्जन र चटचाङसहित हल्कादेखि मध्यम खण्डित वर्षा भइरहेको जनाएको छ । यो अवस्था अझै केही दिन रहने छ । जल तथा मौसम विज्ञान विभागका निकायबाट जारी हुने विपद्सम्बन्धी सूचना, पूर्वानुमान एवं चेतावनीको पालना गर्न, विपद्बारे चासो राखी चनाखो बनी विपद् सुरक्षित नेपाल निर्माणमा साथ सहयोग पुऱ्याउन प्राधिकरणले सबैमा अनुरोध गरेको छ ।

संवैधानिक प्रावधान तथा संघीय संरचनाअनुसार संघ, प्रदेश र स्थानीय तहबाट विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थपनको काम हुँदै आएको छ । यसका लागि स्थापित कानुनी व्यवस्थाको प्रभावकारी कार्यान्वयन र स्थानीयदेखि केन्द्रसम्म क्रियाशील संस्थागत संरचना तथा संयन्त्रको प्रभावकारी परिचालन जरुरी रहेको प्राधिकरणले जनाएको छ । *रासस*

# सकियो बिस्का जात्रा

**भक्तपुर (प्रस)–** नौ दिन आठ रात मनाइने भक्तपुरको ऐतिहासिक तथा सांस्कृतिक महत्त्वको बिस्का जात्रा शुक्रबार सम्पन्न भएको छ ।

शुक्रबार साँझ तमारीबाट भद्रकाली रथ तानेर घट्खा पुऱ्याइ गःहिटिबाट भैलखः तानातान गरी तमारीमा पुग्दा औंसी (पांग्रा राख्ने काठ) भाँचेपछि जात्रा सम्पन्न भएको हो ।

त्यसैगरी शुक्रबार बिहान स्थानीय तालाक्वकोस्थित कुमाले टोलमा पुरानो वर्षको बिदाइ र नयाँ वर्षको आगमनको अघिल्लो दिन बिहान उठाएको ज्याठा गणेशको प्रतीक हात नभएको योसिंद्य (लिंगो) विधिपूर्वक पूजाआजा गरी ढालिएको छ ।

हात नभएको योसिंद्यलाई छैटौं दिनमा मात्र ढाल्ने परम्परा छ । सो योसिंद्य नढाले साँझ भद्रकाली र भैलखःको तान्न नहुने परम्परा छ ।


## साउदीमा रोजगार

कम्पनी : Abed A. Al-Habashi Cont. Co. General Cont.

पूर्व स्वीकृति मिति : २०८२/०१/०५ | LT. No. 322110 | चलानी नं. ६०२३६२०१

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Bus Driver (Heavy Driver) | 7 | 0 | 1800 | ६५,४७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Construction Labouers | 40 | 0 | 1000 | ३६,३७५ | | | | | | | |
| 3 | Heavy Trucks Driver | 10 | 0 | 1800 | ६५,४७५ | | | | | | | |

कम्पनी : CEEYAM GROUP LIMITED ONE PERSON COMPANY

पूर्व स्वीकृति मिति :२०८२/०१/०५ | LT. No. 322109 | चलानी नं. ६०२३६२२६

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading And Unloading Worker | 5 | 0 | 1000 | ३६,३७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : GULF BUSINESS HORIZONS GENERAL CONTRACTING COMPANY LTD

पूर्व स्वीकृति मिति : २०८२/०१/०४ | LT. No. 322108 | चलानी नं. ६०२३६१८३

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Furniture Carpenters | 10 | 0 | 1500 | ५४,५६२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ वैशाख १३ गते (26th Apr. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. ६१९/०६३/०६४

**Nasser Outsourcing Consultants Pvt. Ltd.**
Ratopool-9, Kathmandu, Nepal, Tel: +977-1-4465090 (6 Line), Email: nocnepal@nassers.org



## कतारमा रोजगार

कम्पनी : AL DARJA AL OULIYA SERVICES AND CONTRACTING

पूर्व स्वीकृति मिति : २०८१/०९/२२ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०१/०५ | LT. No. 316650 | चलानी नं. ६०२३०९७६

| सि.नं. | कामदारको पद | पुरुष | महिला | QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Electric | 1 | 0 | 1100 | ४१,४२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Gen. Mason | 4 | 0 | 1100 | ४१,४२० | | | | | | | |
| 3 | Labour | 1 | 0 | 1000 | ३७,६५५ | | | | | | | |
| 4 | Reinforce Fitters | 2 | 0 | 1100 | ४१,४२० | | | | | | | |
| 5 | Skilled Plumber | 2 | 0 | 1100 | ४१,४२० | | | | | | | |
| 6 | Skilled Tile Maker | 2 | 0 | 1100 | ४१,४२० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ वैशाख १३ गते (26th Apr. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. ०८५/०५३/०५४

**INTERNATIONAL TRADE LINKS RECRUITMENT PVT. LTD.**
(The Centre Overseas Pvt. Ltd.(THE CENTER OVERSEAS CONCERN PVT.LTD))
Basundhara, Ktm, Nepal, Tel : +977-1-4985474, 4985586, Fax: +977-1-4385806



## कुवेतमा रोजगार

कम्पनी : FarmLand General Trading Co. — शेवा शुल्क: नि:शुल्क

पूर्व स्वीकृति मिति : २०८१/०९/११ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०१/०५ | LT. No. 315976 | चलानी नं. ६०२३०२७२

| सि.नं. | कामदारको पद | पुरुष | महिला | KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Indoor Labor | 15 | 0 | 100 | ६२,३२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Light Driver | 15 | 0 | 150 | ४०,०६५ | | | | | | | |
| 3 | Merchandiser | 13 | 0 | 150 | ६०,०९५ | | | | | | | |

कम्पनी : Nailtini Nail House Ladies Beauty Salon Company — शेवा शुल्क: १०,०००

पूर्व स्वीकृति मिति : २०८२/०१/०४ | LT. No. 322097 | चलानी नं. ६०२३६२१६

| सि.नं. | कामदारको पद | पुरुष | महिला | KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hair Dress/Hair Stylist | 0 | 2 | 150 | ४०,०६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | MANICURE/PEDICURE | 0 | 2 | 150 | ४०,०६५ | | | | | | | |
| 3 | nail technicial(Manicurist/Pedicurist) | 0 | 2 | 150 | ४०,०६५ | | | | | | | |

कम्पनी : Sham Al-Ezz Company For Pastries, Bakery, and Sweets

पूर्व स्वीकृति मिति : २०८२/०१/०४ | LT. No. 322098 | चलानी नं. ६०२३६२१७

| सि.नं. | कामदारको पद | पुरुष | महिला | KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Indoor Cleaners | 3 | 0 | 120 | ५३,४१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | LIGHT DRIVERS | 4 | 0 | 140 | ६२,३१५ | | | | | | | |
| 3 | PASTRY CHEF/BAKERY | 3 | 0 | 180 | ८०,१२० | | | | | | | |

कम्पनी : NAILS EXTENSION LADIES BEAUTY SALOON CO. — शेवा शुल्क: १०,०००

पूर्व स्वीकृति मिति : २०८०/११/०४ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०१/०५ | LT. No. 300100 | चलानी नं. ६०२१५०१३

| सि.नं. | कामदारको पद | पुरुष | महिला | KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautician/nail Technician/hairdresser/massagist | 0 | 20 | 160 | ७१,२२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ वैशाख १३ गते (26th Apr. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Omega International Pvt. Ltd.**
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337, E-mail : info@omeganepal.com, Website : www.omeganepal.com
Govt. License No. 1352/074/075



## साउदीमा रोजगार

कम्पनी : AL-SUDAIS TRADING AND TRANSPORT COMPANY IS A CLOSED SAUDI JOINT-STOCK COMPANY.

पूर्व स्वीकृति मिति : २०८१/१२/२९ | LT. No. 321931 | चलानी नं. ६०२३६१९४

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Auto Electrician | 1 | 0 | 1500 | ५४,५६२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Auto Mechanics | 1 | 0 | 1800 | ६५,४७५ | | | | | | | |
| 3 | Office and Facilities Cleaning Worker | 1 | 0 | 1000 | ३६,३७५ | | | | | | | |
| 4 | Trailer truck driver | 11 | 0 | 1800 | ६५,४७५ | | | | | | | |

कम्पनी : SERB UNITED OPERATION & MAINTENANCE ESTABLISHMENT

पूर्व स्वीकृति मिति : २०८२/०१/०४ | LT. No. 322119 | चलानी नं. ६०२३६१९३

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading And Unloading Worker | 15 | 0 | 1000 | ३६,३७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Shelves Packing Worker | 10 | 0 | 1000 | ३६,३७५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ वैशाख १४ देखि १६ गते (27-29 April 2025) सम्म हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt.Lic. No 1096/073/74

**YATRA H.R. SOLUTION PVT.LTD.**
Old Baneshwor-09, Kathmandu, Nepal, T: +977-1-4114682, +977-1-4114683, 9851046305
Email:- info@yatrahrsolution.com, yatrahr2017@gmail.com, Web: www.yatrahrsolution.com



## जापानमा रोजगार

कम्पनी : COOPERATIVE MIRAI

पूर्व स्वीकृति मिति : २०८२/०१/०५ | LT. No. 321917 | चलानी नं. ६०२३६२१९

| सि.नं. | कामदारको पद | पुरुष | महिला | YEN | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Metal paint | 2 | 0 | 176979 | १६९,६५० | क.नि. अनुसार | ७ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

■ प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभव:
(क) नेपाली नागरिक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) कृषि सम्बन्धि कामको निम्ति सम्बन्धित उद्यम/उद्योग वा सम्बन्धित विषयको सहकारी वा सामुदायिक संस्थामा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रूपमा खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्ने । (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

■ दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरू:
(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रूपमा जान खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखिकरण तालिम लिएको सक्कल प्रमाणपत्र । (छ) नेपालमा आफू कार्यरत रहेको सम्बन्धित उद्योग, प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्की आएपछि पुनः काममा लगाउनेछु भनी सम्बन्धित संस्थाले गरेको प्रतिवद्धता पत्र । (ज) प्रशिक्षार्थी कामदारको रूपमा तालिम लिई नेपाल फर्किएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनि आफू कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजातको प्रतिलिपि ।
१. दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मितिः स्थानः प्रा.लि.को कार्यालय, मितिः यो सूचना प्रकाशित भएको मितिले ८ दिन भित्र ।
२. प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवर्द्धन खर्च समेतको) कूल खर्चः ५०,०००
३. प्रशिक्षार्थी छनौट गर्ने तरिका, मिति र स्थानः छनौट तरिकाः अन्तर्वार्ता, स्थानः प्रा.लि.को कार्यालय र अन्तर्वार्ता मितिः पछि प्रकाशित गरिनेछ ।

नोटः वैदेशिक रोजगार ऐन, २०६४ को दफा ९ बमोजिम महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्र तथा दैवीप्रकोप पीडित व्यक्तिलाई नेपाल सरकारले तोके बमोजिमको संख्यामा आरक्षण प्रदान गरिने छ ।

■ नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:
१) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोस । ४) विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्स तालिम अनिवार्य लिनुहोस । ५) विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जांदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।
द्रष्टव्यः यस विषयमा थप केही कुरा बुझ्न परेमा यस प्रा.लि.मा सम्पर्क गर्न सक्नुहुनेछ ।

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ वैशाख १३ गते (26th Apr. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | ५०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

1610/079/80

**CHANDANI RECRUITMENT SERVICE CENTER PVT LTD**
Bansidhara Marga, Chandol-4,Kathmandu,Nepal, Tel: +977-5914697, 5914698
Email : chandanirecruitment@gmail.com, Web: chandanirecruitment.com.np



## कतारमा रोजगार

कम्पनी : QUALITY HOME MEDICAL CARE

पूर्व स्वीकृति मिति : २०८२/०१/०४ | LT. No. 322107 | चलानी नं. ६०२३६१९२

| सि.नं. | कामदारको पद | पुरुष | महिला | QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Nurses | 0 | 3 | 4200 | १,५७,४६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ वैशाख १३ गते (26th April 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**INSPIRE INTERNATIONAL EMPLOYME NT PVT.LTD.**
Airport, Shambhu Marg-4, Kathmandu,Nepal Phone: (+977) 4112800, Email: inspireintemp@gmail.com



## कुवेतमा रोजगार

कम्पनी : JULIAN TO PROVIDE HOSPITALITY SERVICE COMPANY

पूर्व स्वीकृति मिति : २०८१/०८/१८ | पुन: विज्ञापन स्वीकृति मिति : २०८२/०१/०५ | LT. No. 314816 | चलानी नं. ६०२२९२२९

| सि.नं. | कामदारको पद | पुरुष | महिला | KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | WAITRESS/ WAITER | 2 | 2 | 135 | ६०,०९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ वैशाख १३ गते (26th April 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**CONFIDENT INTERNATIONAL MANPOWER PVT.LTD**
Sinamangal-9, Kathmandu, Nepal, Ph. No: 01-5918958-01-5918957
E-mail : confident1423@gmail.com, Web: www.confidentmanpower.com
श्रम इजाजत नं. १४२३/०७४/७५



बागमती प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालय

हेटौंडा नेपाल

### शिलबन्दी दरभाउपत्र आव्हान सम्बन्धी सूचना

प्रथम पटक पत्रिकामा सूचना प्रकाशित मितिः २०८२/०१/०६

आन्तरिक मामिला तथा कानून मन्त्रालयको आ.व २०८१/०८२ का लागि स्वीकृत कार्यक्रमबाट तपशिल बमोजिमका खरिद गनुपर्ने भएकोले इजाजत प्राप्त फर्म/कम्पनिहरूलाई उल्लेखित शर्तहरूको अधिनमा रीतपर्वूक शिलबन्दी दभाउपत्र (हार्डकपी) खरिद प्रक्रिया मार्फत सहभागी हुन जानकारीको लागि यो शिलबन्दी दरभाउपत्र सम्बन्धी सूचना प्रकाशित गरिएको छ ।

तपसिल

| ठेक्का नं. र प्रकार | कामको विवरण | लागत अनुमान रकम (भ्याट बाहेक) रु | बोलपत्र जमानत रकम | बोलपर फारम खरिद रकम रु | बोलपत्र फारम खरिद गने अन्तिम मिति | बोलपत्र बुझाउने अन्तिम मिति रु खुल्ने मिति | रकम जम्मा सम्बन्धी विवरण |
|---|---|---|---|---|---|---|---|
| MOIAL/ SQ/03/ 2081/082 | (झुल-१ थान, ब्याल्ङकेट-२ थान, अस्टल प्लेट-४ थान, स्टिल कचौरा-४ थान, स्टिल चम्चा-४ थान, स्टिल गिलास-४ थान, आल्मुनियम कुकर-१ थान, स्टिल डाडु-१ थान, स्टिल पन्यू-१ थान, आल्मुनियम कराई-१ थान, आल्मुनियम डेक्ची-१ थान) -१४८ थान | रु १७,६९,९११.५० (भ्याट बाहेक) | रू. ५००००/- (४५ दिन) | रु १०००/- | मितिः २०८२/०१/२० दिनको ५:०० बजे सम्म | **बोलपत्र बुझाउने अन्तिम मिति** २०८२/०१/२१ दिनको १२:०० बजे सम्म, बोलपत्र खुल्ने मिति २०८२/०१/२१ दिनको १:०० बजे, | **राष्ट्रिय वाणिज्य बैंक, हेटौडा मकवानपुर** राजश्व खाताः १०००१००२०००१०००० राजश्व शिर्षक नं. १४२२९ धरौटी खाताः १३००१००२०२०३०००० अफिस कोडः ३१४००३२०१३ |

## सात दशकदेखि स्वाद चखाउँदै

# धनकुटे नरिवल बिस्कुट

धनकुटे नरिवल बिस्कुट घरेलु प्रविधिबाट बनाइन्छ । काँचो इँटा, माटो र चिमबाट निर्मित भट्टीमा पोलेर बिस्कुट तयार पारिन्छ । सञ्चालक श्रेष्ठको भनाइअनुसार माटोको भट्टीभित्र दाउरा बालिन्छ । सो दाउरा जलेर बनेको कोइलामा बिस्कुट तताइन्छ र बिस्कुट पाक्छ । नरिवल बिस्कुटमा स्थानीयस्तरमै पाइने दूध, घिउ र मैदाको प्रयोग गरिन्छ । घरेलु प्रविधिबाट नै बिस्कुट उत्पादन हुने भएकाले जनशक्ति धेरै नै चाहिन्छ ।



**सिद्धराज राई र नारायणकुमार राई** / धनकुटा

राणाकालीन शासन व्यवस्थाको प्रशासनिक विरासत बोकेको सहर धनकुटालाई अनेक मिथक, कथा र तथ्यले परिचय दिन्छ । प्रशासनिक केन्द्र भएकाले ऊ बेला गुल्जार भनिएको धनकुटा मुलुकमा व्यवस्था परिवर्तन हुनेक्रमसँगै बेहुली अन्माएको घरजस्तै बिरसिलो बन्दै गएको स्थानीयको अनुभूति सुनिन्छ ।

धनकुटाको विगतको त्यो विरासत र गर्विलो इतिहास अहिले नदेखिए पनि धनकुटा बजारको एकछेउमा रहेको सात दशकअघि खुलेको बिस्कुट उद्योगले भने पुराना दिनहरूलाई सम्झाउन छाडेको छैन । धनकुटाको जीवित इतिहासका रूपमा रहेको मोहन बिस्कुट उद्योगले ७३ वर्ष पहिलेदेखि अनवरतरूपमा उपभोक्तालाई स्थानीय स्वाद चखाउँदै आएको छ । यहाँको धनकुटे नरिवल बिस्कुटले जिल्लाको पहिचान स्थापना गर्नेमात्र होइन, यसको मौलिक स्वादले धेरैको मुख रसिलो बनाउँदै आएको छ ।

प्रशासनिक काममा धनकुटा आउने धेरै सरकारी कर्मचारी र सेवाग्राहीले चिया पिउँदा होस् वा घर फर्किंदा लैजाने कोसेलीको रूपमा धनकुटे नरिवल बिस्कुट पहिलो रोजाइमा पर्छ । रैथाने खाद्यवस्तु भएकाले धनकुटा बजार पुग्ने जो कोही आगन्तुकले घर फर्कंदा कोसेलीस्वरूप धनकुटे नरिवल बिस्कुट खरिद गर्न भुल्दैनन् ।

लोकसेवा आयोगको परीक्षा दिन धनकुटा पुगेकी एक युवती बसपार्कमा बिस्कुट किन्दै गरेको भेटिइन् । बिस्कुट झोलामा हाल्दै उनले भनिन्, 'जतिपटक धनकुटा आएको छु, उत्ति नै पटक धनकुटे नरिवल बिस्कुट कोसेली लिएर गएकी छु । अन्य बिस्कुटभन्दा यसको स्वाद बेग्लै छ । स्थानीय उत्पादन भएकाले परिवार र साथीहरूले पनि खुब मन पराउँछन् । सबैले रुचाउने भएकाले यता आउँदा किनेर लैजान्छु ।'

भारतको जोगवनीबाट सुरु हुने कोशी राजमार्ग धनकुटा बजार छिचोल्दै संखुवासभाको किमाथांकासम्म पुग्छ । यो राजमार्गमा दैनिक हजारौं गाडी गुड्छन् । ती गाडीको एउटा स्टेसन हो, धनकुटा बसपार्क । ती गाडीमा यात्रा गर्ने यात्रुहरूको रोजाइ पनि धनकुटे नरिवल बिस्कुट पर्ने गर्छ । धनकुटा बसपार्कका सबैजसो पसलमा विभिन्न किसिमका धनकुटे बिस्कुट राखिएको हुन्छ । बसपार्कमा एकछिन गाडी रोकिएको बेलामा पनि यात्रुहरूको आँखा धनकुटे बिस्कुटमै पर्छ । आफन्त भेटघाटमा पनि सबैभन्दा सजिलो कोसेली भएकाले यात्रुहरूले किन्ने गरेको धनकुटा बसपार्कमा रहेको पाथीभरा होटलका सञ्चालक दुर्गा राईले बताए । उनले पनि होटलको बाहिर सोकेसमा चियासँग बिस्कुट खाने ग्राहकलाई खुवाउन र बाहिरका ग्राहकलाई बिक्री गर्न धनकुटे बिस्कुट राखेका छन् ।

होटल, किराना र नाङ्ले पसलमा धनकुटे नरिवल बिस्कुट बिक्रीका लागि राखिएको हुन्छ । यसैबाट थाहा हुन्छ, धनकुटे नरिवल बिस्कुटको स्थानीय महत्त्व र बजारमा माग कति धेरै हुन्छ भन्ने । घरेलु प्रविधिबाट बन्ने धनकुटे नरिवल बिस्कुट कोसेली लैजान वा खाजाको रूपमा सबैको रोजाइमा पर्छ । धनकुटा सदरमुकामका ठूला बजारमा मात्र नभई गाउँका स-साना चिया पसलमासमेत यो बिस्कुटले स्थानीय 'ब्राण्ड'को पहिचान बनाएको छ ।

सदरमुकामस्थित मदनचोकमा रहेको कञ्चनजंघा होटलका सञ्चालक गोरख कटुवालको भनाइमा होटलमा आउने आगन्तुकले चियासँगै धनकुटे नरिवल बिस्कुट अनिवार्य रूपमा खोज्छन् । होटलमा बसिञ्जेल नियमित खाजाको रूपमा खान्छन् । अनि घर फर्किंदा कोसेलीको रूपमा किनेर लैजान्छन् । त्यसैले होटलमा अन्य खाद्य र पेय वस्तुसँगै धनकुटे नरिवल बिस्कुट राख्ने गरेको होटल सञ्चालक कटुवालले बताए । 'प्याकेजिङ हेर्दा खासै राम्रो र लोभलाग्दो देखिँदैन । खै के सारो मन पराएका हुन् । स्वाद मानीमानी खान्छन्,' कटुवालले सुनाए ।

वि.सं. २००८ मा धनकुटा-४ निवासी स्व. विश्वेश्वरमान श्रेष्ठले धनकुटे बिस्कुट बनाउन थालेका हुन् । लामो अनुभवपछि स्व. श्रेष्ठले नै २०३० सालमा घरेलु उद्योगमा मोहन बिस्कुट उद्योग दर्ता गराएका थिए । यो उद्योग अहिले पनि सञ्चालन भइरहेको छ । उनका छोरा मोहन श्रेष्ठले बुबाले थालनी गरेको धनकुटे नरिवल बिस्कुटको विरासतलाई निरन्तरता दिँदै आएका छन् ।

पहिले धनकुटामा एउटामात्र मोहन बिस्कुट उद्योग भएकाले सुरुमा थोरै उत्पादन हुन्थ्यो । बजार पनि सानै थियो । तर बिस्कुट उद्योगमा काम सिकेका कामदारले आफैं उद्योग खोल्न थालेपछि अहिले उद्योगहरू बढेका छन् । उत्पादन बढेको छ र धनकुटे नरिवल बिस्कुटको बजार पनि फैलिँदै गएको छ । धनकुटा नरिवल बिस्कुट धनकुटा बजारसँगै भेडेटार, मूलघाट, हिले, सिधुवा, पाखीबासलगायत धनकुटाका बजारमा सहजै खरिद गर्न सकिन्छ ।

धनकुटा नरिवल बिस्कुटसँगै यहाँका उद्योगहरूले अहिले कोको, कुकिज, खास्ता, बदाम, डुनोट, फुलकेक, केकजस्ता १७ प्रकारका बिस्कुट उत्पादन गरिरहेका छन् । अहिले धनकुटाका विभिन्न स्थानमा बिस्कुट उत्पादन गर्ने एक दर्जनभन्दा बढी उद्योग सञ्चालनमा छन् । बजारमा यसको माग बढेसँगै उद्योग खुल्नेक्रम पनि झाँगिएको हो । सुरुआती दिनमा मोहन बिस्कुटमात्रै सञ्चालनमा थियो । अहिले धनकुटा सदरमुकामसहित आँखिसल्ला, पाख्रिवास, हिले, मौनाबुधुक, जीतपुर, पाल्लेखोलालगायत स्थानमा बिस्कुट उद्योग सञ्चालनमा छन् । यी उद्योगहरूले नरिवल बिस्कुट, केक, पाउरोटीलगायत अन्य उत्पादन गरी वार्षिक एक करोड रूपैयाँभन्दा बढीको बिस्कुट उत्पादन गरिरहेको अनुमान छ । करिब १०० जनाभन्दा बढीलाई प्रत्यक्ष रूपमा रोजगारी मिलेको छ ।

### धनकुटे नरिवल बिस्कुटको इतिहास

वि.सं. २००८ मा धनकुटा-४ देब्रेवासमा मोहन श्रेष्ठका बाबु स्व. विश्वेश्वरमान श्रेष्ठले चिया पसल सञ्चालन गर्थे । त्यो बेला पहाडबाट मधेस झर्ने र मधेसबाट पहाड उक्लने मान्छेहरूको मुलबाटो धनकुटा बजार थियो । ती मान्छेहरूको बास बस्ने थलोको रूपमा धनकुटा बजारको देब्रेबास नामी थियो । त्यही ठाउँमा खुलेको चियापसल पहाडी भेगको पहिलो र राम्रो मानिन्थ्यो ।

'चिया पिउने ग्राहकको मागअनुसार स्व. श्रेष्ठले भारतबाट ल्याइएका बिस्कुट बेच्थे रे । त्यतिबेला एक रूपैयाँको २० वटा बिस्कुट ल्याएर एकआना गोटा बेच्दा चियाको व्यापार पनि बढ्यो रे । चिया खान आउने मान्छेले बिस्कुटका कुरा गर्थे । कतिपयले आफैं बनाउनु पनि भन्थे रे, छोरा मोहनले बताए, 'चिया खान आउने मान्छेको कुरा सुनेर बुबाले पनि बिस्कुट बनाउन कोसिस गर्नुभयो । एक पावा मैदाको बिस्कुट आफ्नै पाराले दिनहुँ बनाउँदै सिक्न थाल्नुभयो । बिस्कुट बनाइसकेपछि आफैंले चिया पिउन आउने मान्छेलाई चखाउनुभयो रे । आफैं चाख्दै र चखाउँदै गर्दा पहिले यो बिस्कुट धेरैले मन पराएनन् । तर, बुबाले हार नमानी हरेक दिनजसो भिन्नभिन्न तरिकाले बिस्कुट बनाउनेक्रममा एकदिन बिस्कुट बनाउँदा प्रयोग गरिने सबै वस्तु हालेर मुछेको पिठोबाट बनाएको बिस्कुट बनाउँदा फुल्यो ।' चिया खान आउने सबैलाई चखाउँदा मिठो मानेर तारिफ गरेपछि त्यही विधिलाई निरन्तरता दिएर बिस्कुट उत्पादन गर्न थालेको कथा बुबाले सुनाएको मोहनले बताए ।

स्थानीय स्रोतसाधनलाई सदुपयोग गर्दै बिस्कुट पोल्ने भट्टी निर्माण गरी बिस्कुट उत्पादन सुरु गर्ने पहिलो व्यक्ति स्व. विश्वेश्वरमान श्रेष्ठ बनेका थिए । वि.सं. २००८ देखि बिस्कुट उत्पादनको परीक्षण सुरु भए पनि २०३० सालमा घरेलु उद्योगका रूपमा दर्ता गरी औपचारिकरूपमा मोहन बिस्कुट उद्योग सुरु भएको हो । त्यो बेला बुबाले ३३ हजार लगानीमा थालेको उद्योगमा अहिले २० लाखभन्दा बढी लगानी रहेको मोहनले बताए । २०११ सालमा पाँच किलो मैदाबाट सुरू भएको मोहन बिस्कुट उद्योगले अहिले अर्डरअनुसारको बिस्कुट पुऱ्याउन मुस्किल पर्ने गरेको छ ।

मोहन आफैं पनि कुनै बेला राम्रो गैरसरकारी संस्थामा जागिरे थिए । तर बुबाले थालनी गरेको उद्योगको विरासत जोगाउन र स्थानीय उत्पादनलाई व्यावसायीकरण गर्नका लागि बुबाकै सल्लाहमा उद्योग सम्हाल्न २०५२ सालमा धनकुटा फर्किएको बताए । उनलाई आफ्ना बुबाले मिहेनत गरेर सञ्चालनमा ल्याएको व्यवसायभन्दा जागिर ठूलो लागेन । 'एक्लै रोजगार हुनुभन्दा आफ्नो व्यवसायबाट अरुका लागि रोजगार सिर्जना गर्नु उचित ठानेर धनकुटा फर्किएँ । २०६५ सालमा बुबाको देहावसान भएपछि उद्योगको सिंगो जिम्मेवारी म र श्रीमती निमा श्रेष्ठले सम्हाल्दै आएका छौं,' उनले बताए ।

### कसरी बन्छ नरिवल बिस्कुट ?

धनकुटे नरिवल बिस्कुट घरेलु प्रविधिबाट बनाइन्छ । काँचो इँटा, माटो र चिमबाट निर्मित भट्टीमा पोलेर बिस्कुट तयार पारिन्छ । सञ्चालक श्रेष्ठको भनाइअनुसार माटोको भट्टीभित्र दाउरा बालिन्छ । सो दाउरा जलेर बनेको कोइलामा बिस्कुट तताइन्छ र बिस्कुट पाक्छ । नरिवल बिस्कुटमा स्थानीयस्तरमै पाइने दूध, घिउ र मैदाको प्रयोग गरिन्छ । घरेलु प्रविधिबाट नै बिस्कुट उत्पादन हुने भएकाले जनशक्ति धेरै नै चाहिन्छ । 'बिस्कुट उत्पादनमा मेसिनको प्रयोग गरिँदैन । मैदा मुछ्नेदेखि भट्टीमा बिस्कुट पोल्ने र प्याकेजिङसम्मको सबै काम हातबाटै हुन्छ,' मोहनले बताए । यो एक किसिमको परम्परागत प्रविधि पनि हो ।

बिस्कुट बनाउने पर्याप्त जनशक्ति नहुँदा बिस्कुट उद्योगले मागअनुसार उत्पादन र बजार विस्तार गर्न नसकेको मोहनको भनाइ छ । कामको खोजीमा युवा विदेश पलायन हुन थालेपछि दक्ष जनशक्तिको अभाव भएको छ । धनकुटा-६ पाल्लेमा रहेको ओम बिस्कुट उद्योगका सञ्चालक टीकाराम कटुवालको भनाइअनुसार पनि जनशक्तिबाहेक दाउराको समस्या पनि धेरै छ । घरेलु प्रविधिबाट बिस्कुट उत्पादन हुने भएकाले अनिवार्य दाउराको आवश्यकता पर्छ । दाउरा जहींतहीं नपाइने र टाढाबाट ल्याउँदा लागत बढ्ने भएको बिस्कुटको मूल्य बढेको उनले बताए । *रासस*

# आफ्नै कीर्तिमान तोड्न सगरमाथातिर लम्किँदै कामीरिता

**सिबी अधिकारी** / काठमाडौं

विश्वको सर्वोच्च शिखर सगरमाथा आरोहण साहसिक मात्रै नभई जोखिमपूर्ण र संवेदनशील यात्रा हो । हिउँको ढिस्को पन्छाएर ढुंगाको पहरो छिचोल्दै चुचुरोमा पुग्नु आफैंमा साहसिक र चुनौतीपूर्ण कार्य हो । एक-दुई पटक हैन, ३०औं पटक यस्तो जोखिमपूर्ण यात्रा गर्नु वा सगरमाथाको शिखर चुम्नु चानचुने कुरा होइन । विश्वविख्यात् कीर्तिमानी कामीरिताका लागि भने यो काम 'पानीको पँधेरो' जस्तै भएको छ । उनी एकै 'सिजन'मा दुई पटकसम्म सगरमाथाको चुचुरोमा पुगेर आफ्नै 'रेकर्ड ब्रेक' गर्ने भाग्यमानी आरोही हुन् ।

कामीरिताले यसपटकको वसन्तयाममा ३१औं पटक सगरमाथा आरोहण गरेर यसअघि आफ्नै नाममा रहेको विश्वकीतिर्मान तोड्न लागेका छन् । उनले सन् २०२३ को आफ्नै नामको २८ पटकको रेकर्ड तोड्दै सन् २०२४ मा ३०औं पटक रेकर्ड दर्ज गरेका थिए । पुनः त्यो रेकर्ड तोड्न ३१औं पटक सगरमाथाको शिखर चुम्न केही दिनपछि त्यसतर्फ जाने शेर्पाले जानकारी दिए । 'सगरमाथा आरोहणका लागि एक/दुई दिनपछि जाँदै छु, यो ३१ पटकको आरोहण हो । कतिपटक सगरमाथा चढ्ने भन्ने विषय आरोहण क्षेत्रको मौसम र अवस्थाले निर्धारण गर्छ,' उनले भने ।

आरोही शेर्पाले सगरमाथा आरोहण कुनै रेकर्डका लागि नभई आफ्नो नियमित काम भएको जिकिर गरे । उनी सेभेन समिट ट्रेक्स प्रालिमार्फत भारतीय सेनाको टोलीलाई लिएर यसपटक सगरमाथा आरोहणमा जान लागेका हुन् ।

३१औं पटक जीवनको पर्वाह नगरी जोखिमपूर्ण सगरमाथा यात्रा गर्ने आरोहीको सामाजिक सुरक्षाका लागि भने राज्यले ध्यान दिनुपर्ने उनको भनाइ छ । शेर्पाले हिमाल सफाइका लागि बजेट र जनशक्ति व्यवस्थापन गरिनुपर्ने खाँचो औंल्याए । यसका साथै ३०औं पटक सगरमाथाको चुचुरोमा पुग्दा आरोही शेर्पाले जलवायु परिवर्तनका कारण हिमाल पग्लिएकामा चिन्ता लागेको बताए ।

सगरमाथामा पहिलोपटक मानव पाइला टेकिएको ७२ वर्षको अवधिमा ३०औं पटक सफल आरोहणको कीर्तिमान कायम गर्ने उनको रेकर्ड कसैले तोड्न सकेको छैन तर प्रकृतिले भने हरेक पटकजसो सगरमाथाको प्राकृतिक स्वरूपको 'रेकर्ड' तोड्दै गएको आफूले महसुस गरेको शेर्पाले सुनाए । 'मेरो रेकर्ड कसैले तोड्न सकेको छैन । सगरमाथा आरोहणमा विश्वकीर्तिमान कायम गर्ने एक्लो प्रतिस्पर्धीका रूपमा छु, यस हिसाबले खुसी छु तर सगरमाथाको सुरुको स्वरूपमा अहिले निकै बद्लाव आएको छ । हरेकपटक आरोहण गर्दा केही न केही समस्या देखिरहेको आभाष गरेको छु । यसले खिन्न बनाइरहेको छ,' उनले भने ।

सोलुखुम्बुको खुम्बु पासाङल्हामु गाउँपालिकाको थामेका ५५ वर्षीय कामीरिता कुशल पर्वतारोही पथप्रदर्शकसमेत हुन् । सन् १९९४ मे १३ मा पहिलोपटक सगरमाथाको चुचुरोमा पुगेका उनका नाममा आठ हजार मिटर अग्ला शिखरमा सबैभन्दा बढी आरोहण गरेको कीर्तिमान छ । अघिल्लो वर्षको वसन्त ऋतुमा सोलुखुम्बुकै पासाङदावा शेर्पाले २८ पटक सगरमाथा आरोहण गरेर कीर्तिमान बनाएका थिए ।

कामीरिताले सगरमाथा रेकर्ड ब्रेक गर्ने होडमा नभई आफ्नो पेसा नै हिमाल आरोहणसँग जोडिएकाले 'चढ्दा चढ्दै रेकर्ड' बनेको बताए । सेभेन समिट ट्रेक्स प्रालिका अध्यक्ष मिङ्मा शेर्पा कीर्तिमानी कामीरिता ३१औं पटक सगरमाथा आरोहणका लागि आफ्नो कम्पनीबाट जान लागेकामा खुसी व्यक्त गर्छन् । 'सगरमाथाको रेकर्ड राष्ट्रकै लागि गौरवको कुरा हो, यो कुनै व्यक्ति र कम्पनीको मात्रै हैन,' उनले भने ।

> मेरो रेकर्ड कसैले तोड्न सकेको छैन । सगरमाथा आरोहणमा विश्वकीर्तिमान कायम गर्ने एक्लो प्रतिस्पर्धीका रूपमा छु, यस हिसाबले खुसी छु तर सगरमाथाको सुरूको स्वरूपमा अहिले निकै बद्लाव आएको छ । हरेकपटक आरोहण गर्दा केही न केही समस्या देखिरहेको आभाष गरेको छु । यसले खिन्न बनाइरहेको छ ।
>
> **कामीरिता शेर्पा**
> **कीर्तिमानी आरोही**

जोखिमपूर्ण र संवेदनशील यात्राका रूपमा लिइने सगरमाथा आरोहणका क्रममा केही वीरवीरांगनाले सगरमाथाकै नाममा अफ्नो जीवन उत्सर्ग गरेका छन् । एक तथ्यांकअनुसार हालसम्म ४०० जनाभन्दा बढी आरोहीले सगरमाथाको आरोहणका क्रममा ज्यान गुमाएका छन् । यसर्थ आरोहीहरूको सामाजिक सुरक्षामा राज्यले विशेष ध्यान दिनुपर्ने अध्यक्ष शेर्पाको भनाइ छ ।

सगरमाथा आरोही संघका महासचिव शिवबहादुर सापकोटाले यस वर्ष सगरमाथासहितका हिमाल आरोहण उत्साहवर्द्धक हुने अनुमान गरिएको बताए । उनका अनुसार यस याममा पनि कामीरितासहित विभिन्न आरोही नयाँ कीर्तिमान कायम गर्नेगरी जान लागेका छन् ।



पर्वतारोहणसम्बन्धी (छैटौं संशोधन) नियमावली २०८१ जारी भएपछि कीर्तिमान राख्ने आरोहीले आरोहण अनुमति लिएरमात्रै कीर्तिमानलाई मान्यता दिइने उल्लेख छ । सोहीअनुरूप थप कीर्तिमान बनाउन आरोहीहरू सगरमाथामा लामबद्ध भएका हुन् । अघिल्लो वर्षको आरोहणमा गोरखाकी फुञ्जोझङ्मु लामाले १५ घण्टाभन्दा कम समयमै सगरमाथा आरोहण गरेर विश्वकीर्तिमान बनाए । यस्तै, फोटो पत्रकार तथा आरोही पूर्णिमा श्रेष्ठले एकै सिजनमा तीनपटक सगरमाथा आरोहण गरेर महिला आरोहीको विश्वकीर्तिमान बनाइन् ।

कुनै आरोही कीर्तिमानी गर्ने हो भने त्यसका लागि पर्यटन विभागमा निवेदन दिएर राज्यका निकायबाट अनुमति लिएर जानुपर्ने हुन्छ । पर्यटन विभागका अनुसार बुधबारसम्म यस सिजनका लागि ३० आरोही समूहका ५८ महिला र २५३ पुरुष गरी कूल ३११ जनाले सगरमाथा आरोहणका लागि अनुमति लिएका छन् । हिमाल आरोहणमार्फत ५२ करोड ६४ लाख रूपैयाँ रोयल्टी रकम सरकारी खातामा जम्मा भएको छ । सगरमाथाबाट मात्रै ४६ करोड रूपैयाँ 'रोयल्टी' संकलन भएको जनाइएको छ ।

विभागका निर्देशक लिलाधर अवस्थीका अनुसार बुधबार साँझसम्म विभिन्न २१ हिमाल आरोहणका लागि ७४ आरोही समूहले अनुमति लिएका छन् । सगरमाथा आरोहणका लागि निकै कठिन मानिएको खुम्बु आइसफलसम्मको बाटो निर्माण सम्पन्न भएको विभागले जनाएको छ । आइसफलका डाक्टरहरूले खुम्बु आइसफल हुँदै रुट फिक्सिङ पूरा गरेको निर्देशक अवस्थीले बताए । उनले सगरमाथाको दोस्रो शिविरसम्म बाटो बनिसकेकाले अब केही दिनमै दोस्रो शिविरदेखि चुचुरोसम्म बाटो बनाउन दक्ष शेर्पाको टोली खटिने जानकारी दिए ।

सगरमाथाको आधार शिविरदेखि दोस्रो शिविरसम्म बटो निर्माणका लागि सगरमाथा प्रदूषण नियन्त्रण समिति (एसपिसिसी) ले जिम्मेवारी लिँदै आएको छ । पर्वतारोहण सञ्चालक संघले सगरमाथाको दोस्रो शिविरदेखि चुचुरोसम्म बाटो बनाउने अर्थात् 'रोप फिक्सिङ' (डोरी टाँग्ने) काम गर्ने छ । संघले यो सिजनको सगरमाथा आरोहणका लागि बाटो बनाउने तथा रोप फिक्सिङको व्यवस्थापकीय जिम्मेवारी एट्के एक्सपिडिसन कम्पनीलाई दिएको छ ।

सगरमाथा आरोहणको इतिहास दुई साहसी पर्वतारोही तेञ्जिङनोर्गे शेर्पा र सर एडमण्ड हिलारीले सन् १९५३ मे २९ तारिखमा बनाएका थिए । पर्यटन विभागले प्रकाशन गरेको 'माउन्टेनरिङ इन नेपाल, फ्याक्ट एण्ड फिगर-२०२३' का आरोहण सुरु भएयता हालसम्म सात हजार ६२६ जनाले सगरमाथाको सफल आरोहण गरेका छन् । सन् २०२३ र २०२४ को आरोही संख्या जोड्दा आठ हजारभन्दा बढी हुन आउँछ । आरोहीले नयाँ-नयाँ कीर्तिमानसमेत थप्दै आएका छन् । कतिपयले यात्राकै क्रममा ज्यानसमेत गुमाउने गरेका छन् । *रासस*



**निषेधाज्ञा हटेपछिको वीरगञ्ज** | जिल्ला प्रशासन कार्यालय पर्साले शुक्रबार बिहानदेखि वीरगञ्ज महानगर क्षेत्रमा लगाएको निषेधाज्ञा हटाएपछि वीरगञ्जको घण्टाघर क्षेत्रमा देखिएको सर्वसाधारणको चहलपहल। गत शनिबार दिउँसो हनुमान जन्मोत्सवमा निकालिएको शोभायात्राका क्रममा दुई समुदायकाबीच झडप भएपछि वीरगञ्जमा निषेधाज्ञा लगाइएको थियो।

*तस्बिरः हिमाल लम्साल/रासस*

# भूकम्पपछि पुनर्निर्माण थालिएका तीन विद्यालय भवन चार वर्षदेखि अलपत्र



**धुलिखेल (काभ्रेपलाञ्चोक)–** वि.सं. २०७२ को भूकम्पले भत्काएका विद्यालय भवनमध्ये तीनवटा भवन अझै सम्पन्न भएको छैन । सम्झौताअनुसार काम सम्पन्न गरेर हस्तान्तरण गरिसक्नुपर्ने जिल्लाका डाँडापारिस्थित महाभारत गाउँपालिकाका तीनवटा विद्यालयको भवन अझै अलपत्र अवस्थामा छन् ।

निर्माण कम्पनीले कामको जिम्मा लिएर सम्झौता गरी भवनका पिलर ठड्याएर ढलान गरी त्यत्तिकै अलपत्र छाडेको हो । महाभारत गाउँपालिका-२ कुपिन्टारस्थित कालीदेवी मावि भवन, वडा नं १ को गोकुलेस्थित गोकुले मावि र वडा नं ८ स्थित घर्तीछापको जनकल्याण माविको भवन ढलानमात्र गरेर अलपत्र पारेको छ। सम्झौता गरेर विगत चार वर्षदेखि निर्माण अलपत्र पारेपछि यहाँका बालबालिकाले सुविधायुक्त भवनमा बसेर अध्ययन गर्न पाएका छैनन् । एकातिर भवन अलपत्र अर्कातिर भवन अभावका कारण विद्यार्थीलाई अध्ययन गर्न सुरक्षित ठाउँमा बस्न नपाएपछि शैक्षिक क्रियाकलापमा नै नराम्रो प्रभाव पारेको विद्यालयले जनाएको छ।

भूकम्पले जीर्ण बनाएको विद्यालय भवनमा पठनपाठन गर्न नमिल्ने भएपछि नयाँ भवन निर्माणका लागि थालिएको कामले पूर्णता नपाउँदा जिल्लाको विकट डाँडापारिस्थित महाभारत-२ कुपिन्टारका विद्यार्थी अहिले पनि अस्थायी सिकाइ केन्द्रमा बसेर पढ्न बाध्य छन्। विद्यालय भवन निर्माण थालेको वर्षौं भयो, नयाँ साल फेरिए, कक्षा चढ्दै गए तर, यहाँका बालबालिकाले अझै पनि नयाँ सुविधासम्पन्न भवनमा अध्ययन गर्न पाएका छैनन्।

विद्यालयका प्रधानाध्यापक सुनिल सारूले विद्यालयको भवन नबन्दा बालबालिकाले पठनपाठन गर्न कठिनाइ व्यहोर्दै आएको बताए । 'तत्कालीन जिल्ला आयोजना कार्यान्वयन एकाइले बनाएको चारकोठे भवनमा प्रशासन, कम्प्युटर ल्याब र दुईवटा कोठा साना बालबालिकाका लागि कक्षा सञ्चालन भइरहेको छ,' उनले भने । जहाँ छानासमेत हुरीबतासले गर्दा बाँसले बेरेको बार केही नभएकाले खुला ठाउँमा राखेर पढाउनु पर्दा निकै समस्या खेप्नुपरेको प्रधानाध्यापक सारुले बताए।

विद्यालयका लागि छ-छ कोठे नयाँ तीन भवन निर्माण गर्नेगरी २०७७ सालमा काम थालेकामा अहिलेसम्म पनि सम्पन्न नगरेपछि पटक-पटक सम्बन्धित निकायको ध्यानाकर्षण गराउँदा पनि कुनै सुनुवाइ नभएको विद्यालयले जनाएको छ । अहिले तीनवटा भवनको तीन ढलानमात्र गरेर काम अलपत्र पारेको र शौचालय, घेराबारको पर्खाल र खानेपानीसहितको संरचना निर्माण गर्नुपर्नेमा कुनै पनि कामले गति नलिएको अवस्था छ।

भवन निर्माण थालेर बीचमा अलपत्र पारेर राखेपछि छिटो सम्पन्न गर्नका लागि महाभारत गाउँपालिकाले सम्बन्धित कार्यालयको ध्यानाकर्षण गराएको छ। गाउँपालिका अध्यक्ष कान्छालाल जिम्बा नेतृत्वको टोलीले केन्द्रीय आयोजना कार्यान्वयन एकाइका आयोजना निर्देशक लक्ष्मीप्रसाद भट्टराईलाई भेटेर ध्यानाकर्षण गराएको हो।

अध्यक्ष जिम्बाले यहाँका तीनवटा विद्यालय भवन निर्माण व्यवसायीले अलपत्र पारेको बताए । जसमध्ये कालीदेवी मावि कुपिन्टारको अवस्था झन् नाजुक छ। निर्माण कम्पनी र सम्बन्धित निकायमा पटक-पटक कुरा राख्दा पनि आश्वासनमात्र पाएको तर निर्माण कार्यले गति लिन नसकेको उनको भनाइ छ । गाउँपालिकाबाट पटक-पटक ताकेता गर्ने, पत्र पठाउने र समझदारी पनि गर्दै काम गर्न आग्रह गरेको भए पनि कामले अझै गति लिन नसकेपछि पछिल्लो समयमा केन्द्रीय आयोजना कार्यान्वयन एकाइका आयोजना प्रमुखलाई भेटेर ध्यानाकर्षण गराएको अध्यक्ष जिम्बाले बताए । समयमा काम सम्पन्न नगरेपछि जरिवाना लगाएर थपेको समयभित्र काम सम्पन्न गर्न निर्माण कम्पनीलाई निर्देशन दिइसकेको आयोजनाका प्रमुख लक्ष्मीप्रसाद भट्टराईले बताए।

जनकल्याणको भौतिक प्रगति ७२ प्रतिशत र आर्थिक प्रगति ५१ प्रतिशतमात्र भएको छ भने गोकुले माविको ७१ प्रतिशत भौतिक प्रगति र ४८ प्रतिशत आर्थिक, कालीदेवी माविको भौतिक प्रगति ५० प्रतिशत र आर्थिक प्रगति ४५ प्रतिशतमात्र रहेको जनाएको छ । केन्द्रीय आयोजना कार्यान्वयन एकाइले जनकल्याण मावि भवन निर्माणका लागि भ्याटबाहेक छ करोड ७१ लाख ६६ हजार रूपैयाँ, गोकुलेको छ करोड ५४ लाख ९४ हजार रूपैयाँ र कालीदेवीको सात करोड १५ लाख १२ हजार रूपैयाँ लागतमा टिडिआई/आशिष निर्माण सेवाले सम्झौता गरेर काम अगाडि बढाएको आयोजनाले जनाएको छ। *रासस*

## सन्दर्भः विश्व सम्पदा दिवस

# 'डोजरे' विकासले नासिए मौलिक सम्पदा



**ढोरपाटन (बागलुङ)–** यहाँका मौलिक सम्पदासँग जोडिएका पहिचान नासिन थालेपछि स्थानीय ज्येष्ठ नागरिक चिन्तित बनेका छन्। विकासका नाममा जथाभावी सडक सञ्जाल विस्तार गरिँदा मौलिक सम्पदा नासिन थालेपछि ज्येष्ठ नागरिक चिन्तित बनेका हुन्।

'हाम्रो गाउँमा पाँच/सात ठाउँमा वरपिपलका रुख थिए, मान्छेले बिहान-बिहान आएर पुज्थे, गर्मीमा शीतल लिन यसको फेदमा बस्थे, बटुवाहरू हिँड्दा थकाइ मार्न एकछिन यसैको छहारीमा विश्रम लिन्थे, अहिले ती वरपिपल सबै बाटोले खायो, बटुवा पनि हिँड्न छोडे,' बागलुङको निसीखोला गाउँपालिका-४ का ८३ वर्षीय धनबहादुर मगरले मौलिक सम्पदा मासिँदै गएकामा चिन्ता व्यक्त गरे। धार्मिक महत्त्वसँग जोडिएको वरपिपल मोटरबाटोले पुरिएपछि अहिले गाउँ उजाडजस्तै बनेको उनले बताए।

बूढापाकाले रुखबिरुवा नभएको ठाउँमा वरपिपल रोपेर धर्मकर्म गरे पनि अहिलेको पुस्तामा त्यो खालको सोच नभएको मगरको भनाइ छ। पछिल्लो समय गाउँका विकासका नाममा मौलिक सम्पदा मास्ने काम भएको भन्दै उनले गुनासो पोखे । जथाभावी रूपमा सडक निर्माण गर्दा बस्ती जोखिममा पर्नुका साथै धार्मिक आस्थासँग जोडिएका सम्पदा भत्काउने काम भइरहेको मगरले बताए । अव्यवस्थित सडक निर्माणले गाउँको स्वरूप नै कुरूप बनाएको भन्दै यसलाई राज्यले व्यवस्थित गर्नुपर्नेमा उनले जोड दिए।

आधुनिक प्रविधिको विकासले सञ्चालनमा रहेका सम्पदासमेत प्रयोगविहीन हुँदै गएका ढोरपाटन नगरपालिका-९ का कुलबहादुर पुनले बताए । उनले डोजरे विकासले गाउँ, बस्ती र पर्यावरणमा असर पुर्‍याएको सुनाए। सडक निर्माण गर्दा धेरै ठाउँमा पानीको मुहान सुक्ने समस्या भएको उनको भनाइ छ।

ढोरपाटन जाने बाटैमा रहेको रुद्रतालमा पनि डोजर चलाउँदा अहिले सुक्दै गएको पुनले जानकारी दिए । रुद्रतालमा पूजा गरी स्नान गर्दा मनोकांक्षा पूरा हुने र छालासम्बन्धी रोग नलाग्ने जनविश्वास रहिआएको जनाउँदै उनले अहिले उक्त क्षेत्र संरक्षण हुन नसकेको गुनासो गरे।

पुनले भने, 'रुद्रतालमा देवता छन् भन्थे, यहाँ कसैले पनि फोहोर गर्दैनथे, एक दशक अगाडिसम्म यहाँ ठूला ताल थियो, पानी पनि भरी हुन्थ्यो । अहिले डोजर लगाएपछि पानी सुकेको छ, पहिलेपहिले देशभरका भक्तजन यहाँ आएर पूजा गर्न, ध्वजा बाँध्ने र वर माग्ने गर्थे, यहाँ पूजा गर्दा दुःख, कष्ट र समस्या आइपर्दैन भन्ने विश्वास थियो, अहिले तालनै मासिने स्थितिमा पुग्यो।'

पछिल्लो केही वर्षयता भरिया र स्थानीयले थकाइ मेटाउने चौतारा, बटुवाले बास बस्ने पाटीपौवा र धर्मशालाको अस्तित्व समाप्त भएको स्थानीय प्रेमबहादुर बुढा मगरले बताए । 'सडकले हप्ता दिन लगाएर पुग्ने गन्तव्य छोटो बनाए पनि मौलिक सम्पदाको पहिचान भने मेटाइदियो,' उनले भने।

बागलुङको पश्चिम क्षेत्रबाट जिल्ला सदरमुकाम आउँदा बाटोका दर्जनौं स्थानमा वरपिपलका चौतारा, ढुंगेधारा र धर्मशाला भेटिने गरेको स्मरण गर्दै अहिले ती सम्पदा मासिएका बुढा मगरले उल्लेख गरे।

'सडकले सुविधा त दियो तर हाम्रो मौलिक संस्कृति र पहिचान भने मेटाउँदै गयो, पहिले हामी दुई साता लगाएर बटौली पुगेर नुन, तेल र चामल बोकेर आउँथ्यौं, बाटोमा अहिलेको जस्तो होटल हुँदैनथे, धर्मशाला हुन्थे, त्यही धर्मशालामा रात कटाउँथ्यौं, अचेल पाँच/सात घण्टामा पुगिन्छ,' उनले भने, 'हाम्रो कुरा सुन्दा नयाँ पुस्ता छक्क पर्छन्, पाटीपौवा, धर्मशाला र चौतारा भन्ने बुझ्दैनन्।'

मौलिक परम्परा र संस्कृतिसँग जोडिएका सम्पदाको राज्य, स्थानीय सरकार र सरोकार भएका सबैको पहलमा संरक्षण र सम्वर्द्धन गर्नुपर्नेमा उनले जोड दिए। *रासस*

# व्यास सम्पदा संरक्षणका लागि पदयात्रा



**तनहुँ (प्रस)–** विश्वसम्पदा दिवसका अवसरमा शुक्रबार यहाँको व्यास नगरपालिकाभित्रका पुरातात्त्विक सम्पदा संरक्षण र प्रवर्द्धनका व्यास सम्पदा पदयात्रा आयोजना गरिएको छ। व्यास नगर प्रज्ञा-प्रतिष्ठानको आयोजनामा 'सम्पदा संरक्षण एवं स्वास्थ्य शरीरका लागि' नारासहित पदयात्रा आयोजना गरिएको हो।

यहाँका पुरातात्त्विक सम्पदाको अध्ययन तथा अवलोकनका निम्ति पदयात्रा गरिएको प्रतिष्ठानको कला तथा सांस्कृतिक विभाग संयोजक देवीबहादुर बस्नेतले जानकारी दिए। लोपोन्मुख अवस्थामा रहेका र कतिपय भग्नावशेष बनेका पुरातात्विक सम्पदा संरक्षणमा टेवा पुर्‍याउने उद्देश्यले पदयात्रा गरिएको उनले बताए।

व्यास नगरपालिकाको कार्यालय परिसरबाट सुरु गरिएको पदयात्रा व्यास-४ कार्यालयपरिसर, जलदेवी मन्दिर-मस्जिद, कालिका मन्दिर-तमुसार कोइबो हुँदै पाटन-पराशर-व्यास गुफा क्षेत्रमा पुगी पर्यटकीय सम्भाव्यता र सम्पदाको अध्ययन तथा अवलोकन गरिएको पुरात्त्व एवं पर्यटन विभाग संयोजक हरिसिं गुरुङले बताए। पाटन पराशर र व्यास गुफासँगै देउरालीनगर धार्मिकस्थल भ्रमणपछि व्यास-३ अनसन चौतारीमा पदयात्रा समापन गरिएको उनले जानकारी दिए।

व्यास नगरपालिका प्रमुख एवं व्यास प्रज्ञा-प्रतिष्ठानका कुलपति वैकुण्ठ न्यौपानेले अधिकांश सम्पदा भग्नावेश अवस्थामा पुगेको भेटिएका बताए। पदयात्रामार्फत नगरपालिकाभित्रका पर्यटकीय स्थानका साथै पुरातात्त्विक सम्पदाको अवस्था पहिचान गरिएकाले यसले आगामी दिनमा पर्यटन र पुराना सम्पदा संरक्षणमा योजना बनाउन सहयोग पुग्ने विश्वास लिएको उनले बताए।

'नगरपालिका पर्यटकीय तथा पुरातात्त्विक सम्पदामा धनी छ तर यसतर्फ ध्यान दिन सकिएको छैन। हाम्रो पहिचान नै यी सम्पदा हुन्, त्यसैले नगरपालिका यसतर्फ सचेत भएको छ। आजको कार्यक्रमले पनि हामीलाई केही काम गर्ने सन्देश प्राप्त भएको छ। हाल सञ्चालनमा रहेका यससँग सम्बन्धित कार्यक्रमलाई थप बढावा दिने छौं। यी सम्पदालाई आयसँग जोड्ने लक्ष्यसहित अगाडि बढ्छौं,' नगरप्रमुख न्यौपानेले भने।

नगरपालिका क्षेत्रमा प्रमुख पर्यटकीयस्थलका रूपमा भगवान् वेदव्यासको २८औं अवतरण भूमि व्यास गुफा परिसर रहेको छ। यसका साथै पराशर गुफा, तनहुँ कालिका मन्दिर धार्मिक पर्यटकीयस्थलको रूपमा परिचित छन्। यहाँका कयौं स्थानको प्रवर्द्धन हुन सकेको छैन। पदयात्रामार्फत यस्ता पुरातात्त्विक तथा पर्यटकीय सम्पदाको प्रवर्द्धनमा तीनै तहका सरकारलाई आवश्यक कार्य अगाडि बढाउन सन्देश प्रवाह भएको आयोजकले जनाएको छ।

# भाजी र माटेसागमा भेटिए विषादी

**राँझा (बाँके)–** नेपालगञ्जको रानीतलाउस्थित तरकारी बजारमा बिक्रीका लागि ल्याइएका भाजी र माटेसागमा विषादीको मात्रा फेला परेको छ। नेपालगञ्जस्थित कृषि विभाग, केन्द्रीय कृषि प्रयोगशाला, विषादी अवशेष द्रुत विश्लेषण प्रयोगशाला एकाइमा बजारबाट संकलन गरेर ल्याइएका तरकारीको नमूना परीक्षण गर्दा भाजी र माटेसागमा विषादीको मात्रा फेला परेको प्रयोगशालाका नायव प्राविधिक सहायक गौरव चौधरीले जानकारी दिए।

उनले गत चैतमा विषादी परीक्षणका लागि प्रयोगशालामा ल्याइएको भाजीको साग एक र माटेसागको दुईमा नमूना परीक्षण गर्दा विषादीको मात्रा अधिक (रेड लेबल)... पाइएकाले उपभोग गर्न नमिल्ने बताए। उक्त साग बाँकेको हिरमिनिया क्षेत्रमा उत्पादन भएर रानीतलाउ तरकारी बजारमा बिक्रीका लागि ल्याइएको थियो।

'पहिलापहिलाका वर्षमा भन्दा यस वर्ष तरकारीजन्य वस्तुमा विषादीको मात्रा भेटिने क्रम कम हुँदै गएको छ। ९८ प्रतिशत किसानका उत्पादन गुणस्तरीय छन्, तर दुई प्रतिशत किसानका उत्पादनमा विषादीको मात्रा फेला पर्ने गरेको छ,' चौधरीले भने, 'चैतमा हामीले रानीतलाउबाट तरकारीजन्य वस्तुको नमूना संकलन गर्दा धेरैजसो गुणस्तरीय पाएका थियौं। भाजी र माटेसागको तीन वटा नमूनामा मात्रै विषादीको मात्रा भेटिएको हो।'

प्रयोगशालामा नेपालका विभिन्न जिल्ला र भारतबाट नेपालगञ्ज आउने तरकारी तथा फलफूलजन्य वस्तुको विषादी जाँच हुने गरेको छ। एकदेखि डेढ घण्टाभित्रमा प्रयोगशालामा परीक्षण गरिएका नमूनाको नतिजा आउने चौधरीको भनाइ छ। परीक्षणमा 'रेड लेबल' पाइएका वस्तुको उपभोग गर्न नमिल्ने जनाउँदै उनले पहेँलो (यल्लो लेबल) पाइएका वस्तुलाई पुनः परीक्षण गर्दा विषादीको मात्रा घटेको पाइएमा उपभोग गर्न मिल्ने उल्लेख गरे।

'तरकारी तथा फलफूलजन्य वस्तुको नमूना परीक्षणमा ३५ प्रतिशत भन्दा कम निषेध प्रतिशत भएमा त्यसलाई हरियो (ग्रिन लेबल) भनिने र उपभोग गर्न मिल्ने, ३५ देखि ४५ प्रतिशत निषेध प्रतिशत पाइएमा त्यसलाई यल्लो लेबल भनिने र त्यसलाई चार-पाँच दिनसम्म क्वारेन्टिनमा राखेर पुनःपरीक्षण गर्दा ३५ प्रतिशतभन्दा कम निषेध प्रतिशत देखिएमा उपभोग गर्न मिल्ने र ४५ प्रतिशतभन्दा माथि निषेध प्रतिशत रेड लेबल देखिएमा त्यसलाई प्रयोग गर्न नमिल्ने प्रावधान छ,' प्रयोगशालाका नायव प्राविधिक सहायक चौधरीले भने।

रानीतलाउ तरकारी बजार सञ्चालक समिति अध्यक्ष मोतिसरा थापा क्षेत्रीले तरकारी बजारमा भेटिने गरेका विषादीयुक्त तरकारी तथा फलफूलजन्य वस्तुलाई नष्ट गर्ने गरेको बताए। *रासस*


**रामधुनी नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**झुम्का, सुनसरी**

**कोशी प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मितिः- २०८२/०१/०६**

यस कार्यालयबाट मिति २०८१/११/१८ र २०८१/१२/०४ गतेको राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र सम्बन्धी सूचना तथा E-Bidding मार्फत बोलपत्र आव्हान गर्दा रितपूर्वक दर्ता भएका बोलपत्रहरु मध्ये तपसिलका उल्लेखित बोलपत्रदाता न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही देखिएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशित गरिएको छ ।

| S. N. | Contract No. | Description | Bidder's Name & Address | Bid Amount (without p.s. &VAT ) |
|---|---|---|---|---|
| 1. | RMY/NCB/ 25/081/082 | Construction of blacktopped roads of ramdhuni municipality ward no 1 to 9 | Shiva Duti Nirman Sewa, Ramdhuni-5, Sunsari. | NRs.71,83,192.80 |
| 2. | RMY/NCB/ 26/081/082 | Procurement, supply and delivery of 4WD hardtop jeep | Royal Auto Enterprises, Biratnagar, Morang | NRs. 80,53,097.35 |
| 3. | RMY/NCB/ 27/081/082 | Jhumka Dhamaura Jane Bato Purshottam Lamsalko Ghar Hudai Dhamaura Jane Bato Kalopatre ,Ashok Pandit ko Ghar Dekhi Bhuneshwor Chaudharyko Ghar Samma RCC Dhalan, Aadarsha School Jnae Bato RCC Dhalan | Amaha Jalkanya Construction, Barahakshetra-5, Sunsari | NRs. 32,89,787.39 |

**प्रमुख प्रशासकीय अधिकृत**

# प्रभाव दैनिक

शनिबार, ०६ वैशाख २०८२ (Saturday, April 19, 2025)


**रूपशाला**

### 'लाज शरणम्'ले मनायो ५१ दिन

चलचित्र 'लाज शरणम्'ले बिहीबार प्रदर्शनको ५१औं दिन मनाएको छ । शिवरात्रिको अवसर पारेर फागुन १४ गते रिलिज भएको चलचित्र बिहीबार बाट ५१औं दिनमा प्रवेश गरेको हो । उच्च शोसहित प्रदर्शन सुरू गरेको यो चलचित्रले १३ वटा हलमा प्रदर्शनको ५१औं दिन मनाएको हो । पहिलो दिन एक करोड १० लाख रूपैयाँ ग्रस कलेक्सन गरेको 'लाज शरणम्'ले हालसम्म पाँच करोड रूपैयाँ ग्रस कलेक्सन गरेको निर्माता श्रेष्ठले जानकारी दिए ।



## न्युयोर्कमा मिथिला
# 'हेरिटेज कार्यशाला'



**न्युयोर्क (अमेरिका)–** न्युयोर्क सिटी मेयरद्वारा घोषणा गरिएको मिथिला संस्कृति तथा फेस्टिभल दिवसका अवसरमा यहाँ 'आर्ट फर एसडिजिजः मिथिला हेरिटेज कार्यशाला, प्रदर्शनी र पुरस्कार २०२५' कार्यक्रम आयोजना गरेको छ ।

मिथिला सेन्टर युएसएले अपन फाउन्डेसनको सहकार्यमा न्युयोर्क तिब्बती सेवा केन्द्रमा कार्यक्रम आयोजना गरेको हो । कार्यक्रममा विभिन्न समुदायका ४० भन्दा बढी बालबालिकाको सहभागिता थियो । बालबालिकाले संयुक्त राष्ट्रसंघको दिगो विकास लक्ष्य १५ मा आधारित रहेर 'जीवन र प्रकृति' विषयमा आयोजित सिर्जनात्मक कला कार्यशालामा उत्साहपूर्वक भाग लिएका थिए । प्रसिद्ध मिथिला कलाकार एससी सुमनले बालबालिकालाई कलामार्फत वातावरणीय सन्देशहरू व्यक्त गर्न सहजीकरण गरेका थिए ।

कार्यक्रममा सहभागी सबै बालबालिकालाई न्युयोर्क राज्यसभा सदस्य स्टीवन रागाकोतर्फबाट प्रमाणपत्रसमेत प्रदान गरिएको आयोजकले जनाएको छ । यस्तै, लोककलामार्फत मिथिला सम्पदाको प्रवर्द्धन गरेको भन्दै कलाकार सुमनलाई र मिथिला सम्पदाको सौन्दर्यलाई जीवन्त तस्बिरमा उतार्ने फोटोग्राफर राज काफ्लेलाई पनि विशेष सम्मान गरिएको थियो ।

सहभागी बालबालिकाले कोरेका तीन कलाकृतिका लागि रश्मी गिरी, तेञ्जिन ल्हाजे किंगा र अस्टिन शाहलाई उत्कृष्ट छनोट गरिएको थियो । तीनै जनालाई ट्रफी, प्रमाणपत्र र उपहार प्रदान गरिएको मिथिला सेन्टर युएसएका संस्थापक अध्यक्ष तथा कार्यकारी निर्देशक अमितप्रताप शाहले जानकारी दिए । उनले यस्तो कार्यक्रमले मिथिला सांस्कृतिक सम्पदाको संरक्षणका साथै नयाँ पुस्तालाई विश्वव्यापी विकास लक्ष्यहरूमा संलग्न गराई महत्त्वपूर्ण सन्देश प्रवाह भएको बताए ।

कार्यक्रममा न्युयोर्क सिटी मेयर कार्यालयका दक्षिण एसियाली समुदाय समन्वयकर्ता सुकरानी धनपुतले मेयरद्वारा जारी गरिएको मिथिला संस्कृति दिवसको आधिकारिक घोषणापत्र प्रस्तुत गर्दै आयोजक टोलीको कामको उच्च प्रशंसा गरिन् । त्यस्तै, न्युयोर्क राज्यसभा सदस्य स्टीवन रागाको कार्यालयका समुदाय निर्देशक डोल्मा लामाले कार्यक्रमप्रति समर्थन जनाउँदै सम्मानपत्र प्रदान गरिन् ।

न्युयोर्क तिब्बती सेवा केन्द्रका कार्यक्रम निर्देशक तेञ्जिङ छिरिङले यस्तो अन्तरसंस्कृति कार्यक्रम आफ्नै केन्द्रमा आयोजना हुन पाउँदा गौरव महसुस भएको बताए । कार्यक्रममा प्रमुख कलाकार सुमनले प्रवासी बालबालिकासँग आफ्नो ज्ञान बाँड्न र संस्कृतिप्रति जागरुक गराउन महत्त्वपूर्ण अवसर प्रदान गरिएको भन्दै आयोजकलाई धन्यवाद दिए । कार्यक्रम संयाजक प्रज्ञा पन्थीले बालबालिकाले कार्यशालाबाट कला र दिगो विकास लक्ष्यको ज्ञान प्राप्त गरेको बताइन् ।

कार्यक्रममा कलाकारहरू सुमन, प्रतीक रायमाझी, शिवांगी सिंह, सुभाद्री सुभा र राखी कर्णका जैविक विविधता, प्रकृति र वातावरणीय चेतनासम्बन्धी मिथिला चित्रकलाको प्रदर्शनीसमेत गरिएको थियो । *रासस*

# 'सिपाहीको कलमबाट अंक २' पुस्तकबारे छलफल




**■ प्रभाव संवाददाता**

**काठमाडौं–** साहित्यकार उपरथी आशबाहदुर तामाङले रचना गरेका कविता, गीत, गजल, लेखको संग्रह 'सिपाहीको कलमबाट अंक २' को विषयमा छलफल गरिएको छ । शुक्रबार बिजुलीबजारस्थित गीतकार संघ नेपालको सभाहलमा आयोजना गरिएको 'स्रस्टा र सिर्जना- चर्चा र परिचर्चा' कार्यक्रममा पूर्वमन्त्री तथा गीतकार एसपी कोइरालाले गीतलाई समृद्ध बनाउन सबै क्षेत्रका मानिसले कलम चलाउनुपर्ने बताए ।

उनले भने, 'हल्ला खल्ला गर्न नरुचाउने तथा आफ्नो सिर्जना बोलोस् भन्ने भाव भएको व्यक्तिको रूपमा मैले साहित्यकार तामाङलाई चिनेको छु । गीतसंगीत सिर्जना गर्न होस् वा साहित्यका लागि कोमल हृदय चाहिन्छ भनिन्छ तर विभिन्न पेसामा रहेर पनि काम गरिरहेकामध्ये एक उहाँ हुनुहुन्छ । उहाँ पेसाले भूतपूर्व सैनिक भएकाले पनि उनका साहित्य सिर्जनामा देशभाव पाइन्छ ।'

साहित्यकार तामाङले आफ्नो आमाबुवामार्फत साहित्यलाई बुझ्ने मौका पाएको बताए । 'मैले मेरो अभिभावकबाट साहित्यलाई सिक्न पाएँ, मेरो इच्छा त्यहीँबाट बढेको हुनुपर्छ । म अगाडिको पुस्ता बुवाआमा र मपछिको पुस्ताले साहित्य र संगीतलाई आत्मसात् गर्नुभएको छ । आगामी दिनमा म यसलाई निरन्तरता नै दिने छु,' उनले भने ।

कार्यक्रममा गीतकार आनन्द अधिकारीले साहित्यकार तामाङको व्यक्तिगत जीवनका बारेमा चर्चा गरेका थिए । साहित्यकार बुलु मुकारुङले उनको सिर्जनाको विषयमा चर्चा गरे ।

## रंगशाला

# 'संघीय सरकारकै कारण दशौं राष्ट्रिय खेलकुद स्थगित'

**■ प्रभाव संवाददाता**

**सुर्खेत–** कर्णाली प्रदेशका मुख्यमन्त्री यामलाल कँडेलले संघीय सरकारकै कारण १०औं राष्ट्रिय खेलकुद प्रतियोगिता स्थगन भएको बताएका छन् । खेलकुद क्षेत्रसँग सम्बन्धित संघ संस्था र प्रशिक्षकहरूसँग शुक्रबार भएको भेटघाटमा उनले प्रतियोगिता स्थगन हुनुमा प्रदेश सरकारको कुनै संलग्नता नरहेको स्पष्ट पारे । दशौं राष्ट्रिय खेलकुद प्रतियोगिता आगामी जेठ ३ देखि १० गतेसम्म कर्णालीमा आयोजना तय गरिएको थियो ।

प्रतियोगिता गर्ने भन्ने तर आवश्यक तयारीका सम्बन्धमा अलमल गर्ने खेलकुद मन्त्रालयको समस्या आफूले अनुभव गरेको उनको भनाइ छ । पछिल्लो समय प्रतियोगिताका लागि सुर्खेतमा सचिवालय स्थापना भए पनि देखिनेगरी काम नभएकामा मुख्यमन्त्री कँडेलले असन्तुष्टि जनाउँदै आएका थिए ।

खेलकुद प्रतियोगिता कर्णालीमा हुने भए पनि त्यसको मुख्य आयोजक संघीय सरकार भएकाले पूर्वाधारमा प्रदेशलाई सहयोगको आग्रह गर्दासमेत सुनुवाइ नभएको मुख्यमन्त्री कँडेलको गुनासो छ । उनले भने, 'विगतमा अन्यन्त्र आयोजना गरिएका राष्ट्रिय खेलकुद प्रतियोगिताका लागि पूर्वाधारमा करोडौं खर्च गर्ने संघीय सरकारले कर्णाली प्रदेशमा निर्माण हुने पूर्वाधारमा लगानी गर्नुपर्थ्यो, तर पूर्वाधारमा कुनै पनि लगानी भएन ।'

मुख्यमन्त्री कँडेलले प्रदेश रंगशालाको काम सकेर हन्तान्तरण भएको दिन भुक्तानीको समस्या नहुने बताए । उनले भने, 'निर्माण कम्पनीले कुनै बेला एक प्रतिशत काम बाँकी छ भन्ने कुनै बेला सम्पन्न भयो भन्ने गरेको छ, रंगशाला हस्तान्तरण भएको छैन । काम सम्पन्न भएर हस्तान्तरण भयो भने बाँकी रकम दिन प्रदेश सरकार तयार छ ।' निर्माण व्यवसायीले कामभन्दा बढी बहानाबाजी गर्दै हिँडेको आरोप लगाए ।

रिक्त रहेको प्रदेश खेलकुद विकास समिति र जिल्ला खेलकुद विकास समितिमा नियुक्तिबारे छलफल गरेर चाँडै टुंगोमा पुग्ने तयारी भएको मुख्यमन्त्री कँडेलले जानकारी दिए ।

# कोशी प्रदेशस्तरीय ब्याडमिन्टन प्रतियोगिता हुने

**मिक्लाजुङ (पाँचथर) (प्रस)–** खेलकुदको माध्यमबाट पर्यटन प्रवर्द्धन गर्ने, आर्थिक गतिविधिमा टेवा पुऱ्याउने उद्देश्यले पाँचथरको फिदिममा कोशी प्रदेशस्तरीय ब्याडमिन्टन प्रतियोगिता हुने भएको छ ।

जिल्ला खेलकुद विकास समितिको आयोजनामा यही वैशाख ८ गतेदेखि १० गतेसम्म फिदिमस्थित जिल्ला समन्वय समितिको ब्याडमिन्टन हलमा प्रतियोगिता आयोजना गर्न लागिएको खेलकुद विकास समितिका अध्यक्ष सन्तोष मोक्तानले जानकारी दिए ।

आयोजक जिल्ला खेलकुद विकास समितिले शुक्रबार फिदिममा पत्रकार सम्मेलन आयोजना गरी प्रतियोगिताको सम्पूर्ण तयारी पूरा भएको जनाएको छ । यस प्रतियोगितातर्फ मेन्स सिंगल, वुमेन्स सिंगल, मेन्स डबल्स र मिक्स डबल्स गरी चार विधाका लागि ५८ खेलाडी सहभागी हुने समितिका सचिव दुश्यन्त बस्नेतले जानकारी दिए ।

भेट्रान्स प्रतियोगिताको हरेक विधाका विजेता, उपविजेता र तृतीय स्थान हासिल गर्ने खेलाडीले नगद पुरस्कारसहित ट्रफी, मेडल र प्रमाणपत्र हात पार्ने छन् । प्रदेश खेलकुद विकास बोर्डको संयोजन र फिदिम नगरपालिका तथा जिल्लाका अन्य स्थानीय तहहरूको समन्वयमा पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले प्रतियोगिता आयोजना गर्न लागिएको हो । प्रतियोगिता सफल पार्न १८ लाख रूपैयाँ खर्च हुने आयोजकले जनाएको छ ।

# 'केपी ओली कप' राष्ट्रिय क्रिकेटमा गण्डकी च्याम्पियन

**■ प्रभाव संवाददाता**




**कास्की–** पोखरामा आयोजित दोस्रो संस्करणको 'केपी ओली कप' टी-२० राष्ट्रिय खुला पुरुष क्रिकेट प्रतियोगिताको उपाधि गण्डकी हिरोजले जितेको छ । पोखरा रंगशालाको क्रिकेट मैदानमा शुक्रबार सम्पन्न फाइनल खेलमा सिइसी काठमाडौंलाई पाँच विकेटले हराउँदै घरेलु टोली गण्डकी च्याम्पियन बन्यो । प्रतियोगिताको पहिलोपटक उपाधि जितेको गण्डकीले १० लाख रूपैयाँसहित ट्रफी पुरस्कार पाउँदा उपविजेता काठमाडौंले पाँच लाख रूपैयाँ पुरस्कार र ट्रफी पायो ।

फाइनल खेलमा जितका लागि १८३ रनको विजयी लक्ष्य पाएको गण्डकीले १७ ओभरको तेस्रो बलमा पाँच विकेट गुमाउँदै लक्ष्य पूरा गर्न सफल भयो । गण्डकीका वसन्त कार्की २७ र नारायण जोशी १३ रनमा 'नटआउट' रहँदै टोलीलाई जित दिलाए । वसन्तले १७ बलमा तीन छक्का प्रहार गरे भने नारायणले १० बलमा एक छक्का प्रहार गरे । किरण ठगुना ५२ रनको उत्कृष्ट अर्धशतकीय पारी खेल्दै बाहिरिए ।

काठमाडौंका लागि दीपेन्द्र रावतले तीन विकेट लिँदा मनोज यादव र सूर्य तामाङले समान एक-एक विकेट लिए । त्यसअघि टस जितेर ब्याटिङ थालेको काठमाडौंले १९ ओभरको चौथो बलमा अलआउट हुँदै १८२ रन बनाएको थियो । अर्जुन घर्ती ६८ रनको उत्कृष्ट पारी खेल्दै 'क्याचआउट' हुन पुगे ।

पृथु बाँस्कोटाले अर्धशतकीय पारी खेल्दै आउट भए । शिवम तिवारीले २३ रन जोड्नुबाहेक अन्य ब्याटरले दोहोरो अंक जोड्न सकेनन् । गण्डकीका लागि अमृत गुरुङ र कृष्ण पौडेलले समान तीन-तीन विकेट लिएभने विपीन खत्री र मिलन बोहोराले दुई-दुई विकेट हात पारे । प्रतियोगितामा काठमाडौंका दीपेन्द्र रावत 'प्लेयर अफ दि टुर्नामेन्ट' घोषित हुँदै ३० हजार रूपैयाँ पाए । उत्कृष्ट ब्याटर अत्तरियाका वीपिन रावल र उत्कृष्ट बलर लुम्बिनीका अजयकुमार चौहान घोषित हुँदै समान २० हजार रूपैयाँ पाए । प्रतियोगिताका विजेता खेलाडीलाई प्रतिनिधिसभाका सभामुख देवराज घिमिरेलगायतले पुरस्कार वितरण गरे ।

गत चैत २३ गतेदेखि सुरु भएको प्रतियोगितामा कूल १६ टिमको सहभागिता थियो । प्रतियोगितामा बागमती प्रदेशबाट चार र अन्य प्रदेशबाट दुई-दुईवटा टोलीको सहभागिता थियो । यसअघि पहिलो संस्करणको उपाधि मधेस प्रदेशले जितेको थियो ।


**ओमनमा रोजगार** — कम्पनी : NAWAEM AL WARD DISTINGUISHED TRADING

पूर्व स्वीकृति मिति : २०८२/०१/१७ | LT. No. 322126 | चलानी नं. ६०२३३७७४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव OR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Beautician | 0 | 1 | 170 | ६०,२६७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ वैशाख १३ गते (26th April 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १३८/०५५/०५६

**Lucky Overseas Pvt. Ltd.**
Dhobighat-3, Ringroad, Lalitpur, Nepal, 01–5153055 / 01–5153033
Email: luckyoverseas1998@gmail.com | overseaslucky@gmail.com, Website: www.luckyoverseas.com

**कतारमा रोजगार** — कम्पनी : MISSION GENERAL CONTRACTING WLL

पूर्व स्वीकृति मिति : २०८२/०१/०४ | LT. No. 322041 | चलानी नं. ६०२३६१७६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Foreman Civil | 1 | 0 | 2500 | ९३,७२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Labour | 10 | 0 | 1000 | ३७,४९० | | | | | | | |
| 3 | Mason (Nepal) | 5 | 0 | 1100 | ४१,२४० | | | | | | | |
| 4 | Plumber | 1 | 0 | 3000 | ११२,४७० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ वैशाख १३ गते (26th Apr. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

License No.: 646/063/064

**Career International Services (P.) Ltd.**
धुम्वाराही, पिपलबोट, काठमाडौं, फोन : ४००९६४१, ४००९६४३, Email : info@career-intl.com, Website : www.career-intl.com

**साउदीमा रोजगार** — कम्पनी : Projects Pioneers Contracting Company.

पूर्व स्वीकृति मिति : २०८२/०१/०४ | LT. No. 322096 | चलानी नं. ६०२३६२०९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labouers | 4 | 0 | 1000 | ३६,३७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ वैशाख १३ गते (26th Apr. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Sulav Recruitment Pvt.Ltd.** Govt. License No. 1336/074/075
Maharajgunj, sankhapark, Kathmandu Nepal, Telephone : +977- 5903011/5903012, Email: sulavrecruitment@gmail.com, Website: www.sulavhr.com

**कुवेतमा रोजगार** — कम्पनी : AL-HUR INTERNATIONAL COMPANY FOR DELIVERING CONSUMER ORDERS

पूर्व स्वीकृति मिति : २०८०/१२/२० | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०१/०५ | LT. No. 302812 | चलानी नं. ६०२१७७७९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Light Driver | 8 | 0 | 135 | ६०,०९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ वैशाख १३ गते (26th Apr. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १५७१/०७९/०८०

**SPACE HR SOLUTIONS PVT.LTD**
Sukhedhara 4, Kathmandu; Tel: 01-5925496, Whatsapp No.: 9841607558
E-mail: info@spacehrsolution.com, Web: www.spacehrsolution.com

**कुवेतमा रोजगार** — कम्पनी : Feveral Lounge Ladies Beauty Salon Company

पूर्व स्वीकृति मिति : २०८२/०१/०४ | LT. No. 322146 | चलानी नं. ६०२३६१८६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | MANICURE/PEDICURE | 0 | 4 | 150 | ६६,७६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ वैशाख १३ गते (26th Apr. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ३०१/०५९/०६०

**SUPREME OVERSEAS PVT. LTD.**
Koteshwor-35, Kathmandu, Nepal. Phone: +977-1-4612909, Mob No.: 9851141464 | Fax: 01-4600047
Email: supremeovs301@gmail.com, Web: www.supremeoverseas.com.np



चीनको राजधानी बेइजिङस्थित कृषि प्रदर्शनी केन्द्रमा १८औं बेइजिङ अन्तर्राष्ट्रिय चिया प्रदर्शनीमा चियाका भाँडाकुँडा हेर्दै आगन्तुकहरू । चारदिने महोत्सव शुक्रबार सुरु भएको हो । *तस्बिरः रासस/सिन्ह्वा*

# युक्रेन युद्धविरामबारे केही दिनभित्रै निर्णय गरिनुपर्ने रूबियोको भनाइ



**पेरिस–** अमेरिकी विदेशमन्त्री मार्को रुबियोले युरोपेली अधिकारीहरूसँगको बैठकपछि पेरिसबाट बाहिरिने क्रममा वासिङ्टनले युक्रेन युद्धविराम सम्भव छ कि छैन भनेर चाँडै निर्णय गर्नुपर्ने बताएका छन् ।

उनले बोर्गेट विमानस्थलमा पत्रकारहरूसँग भने, 'हामीले अब केही दिनभित्रै यो काम गर्न सकिन्छ कि सकिँदैन मूल्यांकन गर्नु आवश्यक छ, किनभने यदि त्यसो भएन भने मलाई लाग्छ कि हामी अन्य योजनाका साथ अगाडि बढ्ने छौं ।' 'यदि युद्धविराम सम्भव भएन भने हामीले ध्यान दिनुपर्ने अन्य प्राथमिकताहरू पनि छन्, ' विदेशमन्त्री रूबियोले भने, 'अमेरिकाले विगत तीन वर्षदेखि युक्रेनलाई सहयोग गरिरहेको छ र हामी यसको अन्त्य चाहन्छौं, तर यो हाम्रो युद्ध होइन ।'

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले रुसी राष्ट्रपति भ्लादिमिर पुटिनसँग टेलिफोन वार्तापछि शान्ति वार्ता सुरु गर्न सहमत भएपछि किएभ र युरोपेली सहयोगीहरूलाई बेवास्ता गरेका छन् भने युरोपेली शक्तिहरू वार्तामा बस्न चाहिरहेका छन् । युद्ध अन्त्यका लागि ट्रम्पको प्रयास असफल भएको छ र पुटिनले पूर्ण युद्धविरामको खण्डन गरेका छन् । रुबियोले युरोपेली अधिकारीहरूले बिहीबार भएको वार्तामा 'आफ्ना विचारहरूमा निकै सहयोगी र रचनात्मक' बनेको बताएका छन् ।

'हामी चाहन्छौं उनीहरूले वार्तामा समन्वयकारी भूमिका खेल्ने छन् । मेरो विचारमा बेलायत, फ्रान्स र जर्मनीले हामीलाई वार्ता अघि बढाउन मद्दत गर्न सक्छन् र त्यसपछि यसलाई समाधानको नजिक पुऱ्याउन सकिन्छ,' उनले भने ।

सन् २०२२ मा युक्रेनमाथि आक्रमण गरेपछि रुसले लगाएको प्रतिबन्ध फुकुवा गर्न युरोपेली मुलुकहरूले विचार गर्ने पनि आफूले आशा व्यक्त गरेको उनले बताए । उनले भने, 'रुसविरुद्धको प्रतिबन्धको एउटा हिस्सा र यदि यो सम्झौताको भाग हो भने तीमध्ये धेरै युरोपेली प्रतिबन्धहरू हुन् जसलाई हामी हटाउन सक्दैनौं ।' युरोपेली मुलुकहरूले गत महिना रुसमाथिको प्रतिबन्ध फुकुवा गर्नुको साटो बढाउने सहमति गरेका थिए । *रासस/एएफपी*

युक्रेन र अमेरिकाबीच समझदारी

# किएभको प्राकृतिक स्रोत र खनिजमा अमेरिकालाई पहुँच दिइने



**युक्रेन–** युक्रेन र संयुक्त राज्य अमेरिकाले बिहीबार किएभको प्राकृतिक स्रोत तथा खनिजमा अमेरिकाको पहुँच रहने सम्झौतासहितको समझदारीपत्रमा हस्ताक्षर गरेको किएभ स्रोतले जनाएको छ । युक्रेनको पुनर्निर्माणका लागि आर्थिक साझेदारी सम्झौता र लगानी कोषको स्थापनाका अमेरिकी समझदारीपत्रमा हस्ताक्षर भएको घोषणा गर्न पाउँदा खुसी भएको युक्रेनकी प्रथम उपप्रधानमन्त्री युलिया स्विरिडेन्कोले सामाजिक सञ्जाल एक्समार्फत बताएकी छन् ।

किएभ र वासिङ्टनले केही हप्ताअघि युक्रेनको खनिज उत्खनन् गर्ने सम्झौतामा हस्ताक्षर गर्ने योजना बनाएकोमा गत फेब्रुअरीमा राष्ट्रपति डोनाल्ड ट्रम्प र भोलोदिमिर जेलेन्स्कीबिच उत्पन्न असमझदारीले सम्झौता प्रक्रियामा अवरोध पुऱ्याएको थियो ।

ट्रम्पले भने पूर्वअमेरिकी राष्ट्रपति जो बाइडेनले युक्रेनलाई दिएको सहायताको क्षतिपूर्तिको रूपमा युक्रेनी स्रोत साधनको उत्खननबाट हुने नाफामा अमेरिकी रोयल्टी भुक्तानी चाहेको बताइएको छ । स्विरिडेन्कोले समझदारीपत्रको विवरण प्रकाशित नगरी अन्तिम सम्झौता कायम र सुरक्षित गर्न निरन्तर काम जारी रहेको बताएकी छन् ।

'युक्रेनको पुनर्निर्माण, पूर्वाधार विकास व्यापार सहयोग र आर्थिक अवसरका लागि लगानी आकर्षित गर्न यो कोष प्रभावकारी माध्यम बन्ने आशा छ,' उनले भनिन् ।

अमेरिकी अधिकारीहरूले युक्रेनमा अमेरिकी व्यापारलाई बढावा दिनाले युद्धविराम कायम गरी रुसलाई भविष्यको आक्रमणबाट रोक्न मद्दत गर्ने बताएका छन् । किएभले भने निरन्तर रूपमा चलिरहेको युद्ध रोक्नका लागि सम्झौता तथा सैन्य सुरक्षा ग्यारेण्टीका लागि दबाब दिइरहेको छ । *रासस/एएफपी*

# कैदी आदानप्रदान सम्झौताका लागि हमास तयार

**गाँजा–** हमासले गाजा युद्ध रोक्नका लागि इजरायली बन्धकलाई प्यालेस्टिनी कैदीहरूसँग साटासाट गर्ने सम्झौतामा वार्ता गर्न तयार रहेको बताएको छ ।

हमासले तत्काल प्याकेजमा वार्ता सुरु गर्न तयार रहेको जनाउँदै प्यालेस्टिनी कैदीहरूलाई रिहा गरेको गाजाका लागि हमासका प्रमुख खलील अल-हयाले एक भिडियोमार्फत जनाएका छन् । यो प्रक्रिया युद्धको समाप्ति, गाजाबाट इजरायली सेना फिर्ता तथा पुनर्निर्माणको सुरुआत र इजरायली घेराबन्दीको अन्त्यका लागि भएको अल-हयचाले बताएका छन् ।

उनले इजरायली प्रधानमन्त्री बेञ्जामिन नेतान्याहु र इजरायली सरकारलाई नेतन्याहुको 'युद्ध जारी राख्ने राजनीतिक एजेण्डाको सम्झौतालाई प्रयोग गरेको आरोप लगाउँदै हमास यो नीति कार्यान्वयनको हिस्सा नबन्ने' बताएका छन् ।

इजिप्ट र कतारी वार्ताकारहरूले हमासलाई प्रस्ताव गरेको सम्झौतामा करिब १० जना बन्धकहरूको रिहाइ र अस्थायी युद्धविराम समावेश छ । हमासले विज्ञप्तिमार्फत प्रस्तावको समीक्षा गर्दै आन्तरिक परामर्श पूरा गरेपछि आफ्नो प्रतिक्रिया पेस गर्ने जनाएको छ ।

गत मंगलबार भएको इजरायली हमलापछि बुधबार नेतान्याहुको कार्यालयले गाजामा अझै पनि बन्धकहरूको रिहाइका लागि 'कदम जारी राख्न' इजरायली वार्ताकारहरूलाई निर्देशन दिएको बताएको छ । इजरायलले हमाससँगको दुई महिने युद्धविरामपछि मार्च १८ मा गाजामा आक्रमण पुनः सुरु गरेदेखि एक हजार ६९१ जनाको मृत्यु हुनुका साथै चार हजार ४६४ घाइते भएको गाजाका स्वास्थ्य अधिकारीहरूले बताएका छन् । *रासस/सिन्ह्वा*

# यमनको इन्धन बन्दरगाहमा अमेरिकी आक्रमण, ५८ जनाको मृत्यु



**साना–** अमेरिकी सेनाले यमनको हुथी विद्रोहीहरूलाई लक्षित गरी शुक्रबार गरेको आक्रमणमा ५८ जनाको मृत्यु भएको हुथी समूह निकट अल मसिराह टिभीले जनाएको छ । आक्रमणमा कम्तीमा १२५ जना घाइते भएका छन् ।

आक्रमणपछि दिइएको प्रारम्भिक जानकारीमा आक्रमणबाट हुथी समूहको नियन्त्रणमा रहेको इन्धन बन्दरगाह ध्वस्त भएको र कम्तीमा २० जनाको मृत्यु भएको बताइएको थियो । रास इसा इन्धन बन्दरगाहमा भएको आक्रमणको उद्देश्य इरान समर्थित हुथी विद्रोहीका लागि आपूर्ति र कोषको स्रोत बन्द गर्नु रहेको अमेरिकी सेनाले जनाएको छ ।

रेड सी र एडेनको खाडीमा रहेका असैन्य पानीजहाज र सैन्य जहाजमाथिको आक्रमणलाई अन्त्य गर्न सकियोस् भनी वासिङ्टनले मार्च १५ देखि हुथी विद्रोहीमाथि दैनिकजसो हवाई आक्रमण गर्दै आएको छ । विद्रोहीहरूले सन् २०२३ को अन्त्यतिर गाजामा प्यालेस्टिनीहरूप्रति ऐक्यबद्धता जनाउँदै आक्रमण सुरु गरेका थिए । इजरायली सेनाले अमेरिकी आक्रमणपछि यमनबाट आउँदै गरेको क्षेप्यास्त्रलाई रोकेको शुक्रबार जनाएको छ ।

अमेरिकी सेन्ट्रल कमाण्ड (सेन्टकम) ले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'अमेरिकी सेनाले इरान समर्थित हुथी 'आतंककारी'का लागि इन्धनको यो स्रोतलाई समाप्त गर्न र उनीहरूलाई अवैध राजस्वबाट वञ्चित गर्न कदम चालेको छ । दश वर्षभन्दा बढी समयदेखि जहाजहरूलाई आतंकित पार्ने हुथी प्रयासविरूद्ध आर्थिक सहयोग गरेको छ ।'

'यी आक्रमणको उद्देश्य हुथीको शक्तिको आर्थिक स्रोतलाई कमजोर पार्नु रहेको छ । हुथीले यमनको शोषण जारी राखेका छन् र आफ्नो विरोधी यमनी नागरिकहरूलाई समेत ठूलो पीडा दिइरहेका छन् ।' वासिङ्टनले यस वर्षको सुरुमा विद्रोहीलाई विदेशी आतंकवादी संगठन घोषणा गरे पनि अमेरिकी लगानीका जहाजहरूले 'रास इसा' बन्दरगाहमार्फत इन्धन आपूर्ति जारी राखेका छन्,' सैन्य कमाण्डले इन्धनको स्रोत निर्दिष्ट नगरीकन उल्लेख गरेको छ ।

हुथी स्वास्थ्य मन्त्रालयका प्रवक्ता अनीस अलासबाहीले पाँच जना प्यारामेडिक्ससहित २० जनाको मृत्यु भएको पुष्टि भए पनि मृतकको संख्या यो भन्दा निकै बढी भएको बताए । 'अमेरिकी आक्रमणपछि रास इसा तेल बन्दरगाह आक्रमणमा कम्तीमा ५० जना कामदार र कर्मचारीहरू घाइते भएका छन्,' उनले सामाजिक सञ्जाल एक्समा जारी सन्देशमा उल्लेख छ ।

उनले भने, 'केही मृत शरीरका अंगहरूको पहिचान हुन बाँकी छ । मृतकको संख्या अझै बढ्न सक्ने सम्भावना छ ।' *रासस/एएफपी*

# अमेरिकाले चीनमाथि लगायो नयाँ बन्दरगाह शुल्क



**वासिङ्टन–** संयुक्त राज्य अमेरिकाले घरेलु जहाज निर्माण उद्योगलाई बढावा दिन र यस क्षेत्रमा चीनको प्रभुत्व रोक्नका लागि भन्दै बिहीबार चीनमा निर्मित र उसबाट सञ्चालित जहाजहरूमा नयाँ बन्दरगाह शुल्क जारी गरेको छ । राष्ट्रपति डोनाल्ड ट्रम्पको करवृद्धिलाई लिएर संयुक्त राज्य अमेरिका र चीनबीच ठूलो व्यापार युद्ध चलिरहेको र यसले थप तनाव बढाउनसक्ने अवस्थाबीच यो कदम चालिएको हो ।

'अमेरिकी आर्थिक सुरक्षा र वाणिज्यको स्वतन्त्र प्रवाहका लागि पानीजहाज र पानीमार्फत हुने ढुवानी महत्त्वपूर्ण छन्,' अमेरिकी व्यापार प्रतिनिधि जेमिसन ग्रीरले नयाँ शुल्कको घोषणा गर्दै भने । नयाँ नियमअनुसार प्रतिटन भार वा प्रतिकन्टेनर शुल्क प्रत्येक बन्दरगाहमा नभई चीनसँग जोडिएका प्रत्येक जहाजको अमेरिकी यात्रामा लागू हुने छ ।

शुल्क प्रतिवर्ष पाँचपटकसम्म मात्र मूल्यांकन गरिने छ र यदि उद्योग मालिकले अमेरिकामा निर्मित जहाजका लागि अर्डर राख्छ भने यो शुल्क मिनाह गर्न सकिन्छ ।

दोस्रो विश्वयुद्धपछि अमेरिकी जहाज निर्माण उद्योग विस्तारै गिरावट आएको छ र अब वैश्विक उत्पादनको केवल ०.१ प्रतिशतमात्र कायम रहेको छ । यस क्षेत्रमा अहिले एसियाको प्रभुत्व छ । चीनले दक्षिण कोरिया र जापानलाई पछि पार्दै सञ्चालनमा आएका सबै जहाजहरूको लगभग आधा निर्माण गरिरहेको छ ।

संयुक्त राष्ट्रसंघको तथ्यांकअनुसार यी तीन एसियाली देशले ९५ प्रतिशतभन्दा बढी पानी जहाज निर्माण गर्छन् । चीन सञ्चालित पानीजहाज र चीनमा निर्मित जहाजका लागि छुट्टाछुट्टै शुल्क लाग्ने छ र त्यसपछिका वर्षहरूमा यी दुवै क्रमशः बढ्ने छन् ।

चीनमा निर्मित जहाजका लागि प्रतिकन्टेनर १८ डलर वा प्रतिकन्टेनर १२० अमेरिकी डलर शुल्क तोकिएको छ, जसको अर्थ १५ हजार कन्टेनर भएको जहाजमा १८ लाख अमेरिकी डलर शुल्क लाग्ने छ । बेइजिङले शुक्रबार नयाँ शुल्क 'सबै पक्षका लागि हानिकारक' हुने चेतावनी दिएको थियो ।

विदेश मन्त्रालयका प्रवक्ता लिन जियानले भने, 'यसले विश्वव्यापी ढुवानी लागत बढाउँछ, विश्वव्यापी उत्पादन र आपूर्ति शृंखलाको स्थिरतालाई बिथोल्छ, संयुक्त राज्य अमेरिकाभित्र मुद्रास्फीतिको दबाब बढाउँछ र अमेरिकी उपभोक्ता र व्यवसायहरूको हितलाई हानि पुऱ्याउँछ ।'

'अन्ततः, उनीहरूले अमेरिकी जहाज निर्माण उद्योगलाई पुनर्जीवित गर्न सफल हुने छैनन्,' उनले भने । करिब ३० वटा उद्योगको प्रतिनिधित्व गर्ने अमेरिकी समूहले यस्तो शुल्कले आयातीत वस्तुको मूल्यमा पर्न सक्ने जोखिमबारे मार्चमा चिन्ता व्यक्त गरेका थिए । समूहहरूले सर्वेक्षण गरेका एक व्यवसायीले चीन र अन्य देशहरूमा करका साथै स्टिल र आल्मुमिनियम आयातमा करसहित प्रस्तावित शुल्कले 'अमेरिकी खुद्रा बिक्रेताहरूलाई असाधारण दबाब' दिने चिन्ता व्यक्त गरे ।

सबै गैरअमेरिकी निर्मित कार ढुवानी गर्ने जहाजहरू पनि १८० दिनमा सुरु हुने शुल्कबाट प्रभावित हुने छन् । वासिङ्टनले तरलीकृत प्राकृतिक ग्यास (एलएनजी) बोक्ने जहाजका लागि पनि नयाँ शुल्क लागू गर्दै छ, यद्यपि ती तीन वर्षसम्म लागू हुँदैनन् । उक्त घोषणासँगै लेखिएको तथ्यपुस्तिकामा भनिएको छ, 'ग्रेट लेक्स वा क्यारेबियन सिपिङ, अमेरिकी क्षेत्रहरूमा ढुवानी वा संयुक्त राज्य अमेरिकामा खाली आउने जहाजहरूमा ढुवानी हुने निर्यातलाई शुल्कले समेट्ने छैन ।'

ग्रीरले केही जहाज, क्रेन र चिनियाँ कार्गो बोक्ने उपकरणहरूमा प्रस्तावित अतिरिक्त कर लागू हुने घोषणा गरेका हुन् । 'ट्रम्प प्रशासनको कदमले चिनियाँ प्रभुत्वलाई उल्टचाउने छ, अमेरिकी आपूर्ति शृंखलामा रहेको खतरालाई सम्बोधन गर्ने छ र अमेरिका निर्मित जहाजहरूका लागि माग संकेत पठाउन सुरु गर्ने छ,' ग्रीरले भने । *रासस/एएफपी*

## वर्गीकृत विज्ञापन सङ्कलन काउन्टर

पशुपति विज्ञापन सेवा – सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८र९८४२६३५८९५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल) – फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी – नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल – फोन नं. ९८५११२९६८६ । ज्ञान्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी – लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. – पुरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी- गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फयाक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी – पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफयाक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - १८९८०० | प्रति तोला - ० | प्रति तोला - १९६० |



**बीउ उखेल्दै** | सर्लाहीको ब्रह्मपुरी गाउँपालिका-५ पडरियास्थित चैते धान (गदर) रोपाइँ लागि बीउ उखेल्दै कामदारहरू । सतह सिँचाइ सुविधा भएपछि यहाँका किसानले गहुँ काटेर अहिले चैते धान रोप्ने र ६० दिनमा धान तयार भइपछि पुनः त्यस खेतमा अर्को धानबाली लगाउने गरिन्छ ।
*तस्बिर: विश्वनाथ ठाकुर/रासस*

# कार्यान्वयनयोग्य बजेट ल्याउन पूर्वअर्थमन्त्रीहरूको सुझाव

■ प्रभाव संवाददाता

**काठमाडौं–** पूर्वअर्थमन्त्रीहरूले आगामी बजेट कार्यान्वयनयोग्य र यथार्थपरक बजेट ल्याउन सरकारलाई सुझाव दिएका छन् । बिहीबार आगामी आर्थिक वर्ष २०८२/८३ को बजेटबारे अर्थ मन्त्रालयले आयोजना गरेको परामर्शमा सहभागी पूर्वअर्थमन्त्रीहरूले यस्तो सुझाव दिएका हुन् ।



उनीहरूले लोकप्रिय र नारामा केन्द्रित नभइ व्यावहारिक बजेट ल्याउन सुझाव दिए । बजेटलाई उत्पादन र रोजगारीमा केन्द्रित गर्न पनि उनीहरूले सुझाव दिएका छन् । पूर्वअर्थमन्त्रीहरूले धेरै आयोजना प्रस्ताव गर्नेभन्दा ठूला, प्रतिफलयुक्त र कार्यान्वयनयोग्य आयोजनामा प्राथमिकता दिनुपर्नेमा जोड दिएका छन् । त्यसैगरी, स्वास्थ्य, शिक्षा र आयआर्जनका कार्यक्रमलाई प्राथमिकता दिन पनि सुझाव दिएका छन् ।

पूर्वप्रधानमन्त्री एवं अर्थमन्त्री डा. बाबुराम भट्टराईले वैचारिक र नीतिगत स्पष्टतासहित कार्यान्वयनयोग्य बजेटलाई प्राथमिकता दिनुपर्ने बताए । पर्याप्त साधन, स्रोत नभइकन राज्यले सबै कुरा गर्न खोज्दा समस्या आएको उल्लेख गर्दै पूर्वअर्थमन्त्री डा. भट्टराईले सार्वजनिक, निजी, सहकारी र समुदायको भूमिका पनि स्पष्ट हुनुपर्नेमा जोड दिए ।

पूर्वअर्थमन्त्री डा. प्रकाशशरण महतले आयोजना वर्गीकरणको मापदण्ड पालना गर्दै सीमित र कार्यान्वयन हुने खालका आयोजना ल्याउन आग्रह गरे । उनले वित्त नीति र मौद्रिक नीतिबीच तालमेल हुनुपर्नेमा जोड दिए । पूर्वअर्थमन्त्री वर्षमान पुनले राष्ट्रिय गौरवका आयोजनालाई चरणबद्ध रूपमा सम्पन्न गर्न जरूरी रहेको धारणा व्यक्त गर्दै बनेका पूर्वाधारलाई सदुपयोग गर्नुपर्ने बताए । उनले सूचना प्रविधिलाई विशेष महत्त्व दिनुपर्ने उल्लेख गर्दै प्रादेशिक हिसाबले पनि सुन्तलित बजेट ल्याउन सुझाव दिए ।

त्यसैगरी, पूर्वअर्थमन्त्री जनार्दन शर्माले आयातमा आधारित राजस्वलाई आन्तरिक उत्पादनमा आधारित बनाउनुपर्ने बताए । उनले नयाँ नीति बनाउनुभन्दा परिणाममुखी बजेट बनाउन जरुरी रहेको उल्लेख गर्दै ठूला पूर्वाधार निर्माणका लागि निजी क्षेत्रलाई जिम्मा दिनुपर्ने धारणा व्यक्त गरे । पूर्वअर्थमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले चुनौतीलाई अवसरका रूपमा लिनुपर्ने बताउँदै क्षेत्रीय, प्रादेशिक र भौगोलिक सन्तुलन कायम हुनेगरी बजेट विनियोजन गर्नुपर्ने बताए । वैदेशिक लगानीलाई विशेष जोड दिन पनि पूर्वअर्थमन्त्री कार्कीले सुझाव दिए ।

यस्तै, पूर्वअर्थमन्त्री शंकर कोइरालाले पुराना आयोजनालाई सम्पन्न गर्ने र तीन करोड रूपैयाँको सीमालाई ख्याल गर्न सुझाव दिए । तीन करोडभन्दा कम लागतका आयोजनाका लागि संघ सरकारबाट बजेट विनियोजन गर्न नहुनेमा उनको जोड थियो । विगतको तुलनामा पर्यटन, पूर्वाधार, सिँचाइ, ऊर्जालगायत क्षेत्रमा धेरै प्रगति भएको उल्लेख गर्दै प्रतिफल दिने उद्योगहरूमा केन्द्रित हुन उनले सुझाव दिए ।

पूर्वअर्थमन्त्री डा. प्रकाशचन्द्र लोहनीले संघ, प्रदेश र स्थानीय तहमा आम्दानी र खर्चको योजनासहित अनुशासित बजेट ल्याउन आवश्यक रहेको बताए । उनले उद्योग र कृषिलाई समन्वय गर्ने संयन्त्र जरुरी रहेको उल्लेख गर्दै बजेट निर्माणलाई प्रभावकारी र परिणामुखी बनाउनमा जोड दिए । पूर्वअर्थमन्त्री डा. रूप ज्योतिले निजी क्षेत्रलाई सहजीकरण गर्न नीतिगत सुधारमार्फत प्रतिस्पर्धालाई प्रवर्द्धन तथा प्रोत्साहन गर्न आग्रह गरे ।

छलफलका क्रममा उपप्रधान एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले लोकप्रियताको खोजी गरेर बजेट ल्याउने सुविधा नभएको उल्लेख गर्दै यथार्थपरक र अनुशासित बजेटको तयारीमा रहेको जानकारी दिए ।

# सडकआश्रितलाई सिटिजन्स बैंकको भोजन

**काठमाडौं (प्रस)–** सिटिजन्स बैंक इन्टर नेसनल लिमिटेडले घरबारविहीन र मानसिक सन्तुलन गुमाएर सडकमा आश्रय लिएर बसेका व्यक्तिहरूलाई १८ दिनको खाना व्यवस्था गरेको छ । बैंकले आफ्नो १८औं वार्षिकोत्सवको अवसरमा करिब एक हजार ९०० सडकआश्रित व्यक्तिहरूलाई गत चैत २० देखि आज वैशाख ६ गतेसम्म १८ दिन भोजनको व्यवस्था गरेको जानकारी दिएको छ । बैंकले आफ्नो वार्षिकोत्सव भोलि वैशाख ७ गते मनाउँदै छ ।

भोटुस्इन्दिरा समाज कल्याण संस्थासँगको सहकार्यमा काठमाडौंका जोरपाटी, चाबहिल, बौद्ध, मैतीदेवी, सेतोपुल, पुरानो बानेश्वर, भीमसेनगोला, बत्तीसपुतली, सिनामंगल, गौशालालगायतका स्थानमानदीकिनार, सडक छेउमा र पुलमुनि बस्ने घरबारविहीन मानिसहरूलाई बैंकले खाना वितरण गरेको हो ।




बैंकले वार्षिकोत्सवको अवसरमा चैत २ गतेदेखि वैशाख ५ गतेसम्म सातवटै प्रदेशमा निःशुल्क स्वास्थ्य शिविर आयोजना गरेको जानकारी दिएको छ । कोशी प्रदेशको हल्दिबारी र महेन्द्रचोक, मधेस प्रदेशको विद्यापति चोक, बागमती प्रदेशको बूढानीलकण्ठ, गण्डकी प्रदेशको अमरापुरी, लुम्बिनी प्रदेशको हस्पिटल लाइन र जीतपुर, कर्णाली प्रदेशको श्रीनगर र दुल्लु तथा सुदूरपश्चिम प्रदेशको महेन्द्रनगरमा स्वास्थ्य शिविर आयोजना गरेको थियो । यी शिविरबाट करिब एक हजार ७०० बिरामीले लाभ प्राप्त गरेका बैंकले जारी गरेको प्रेस विज्ञप्तिमा उल्लेख छ ।

# 'बजेट कार्यान्वयन कमजोर हुँदा अर्थतन्त्रमा गम्भीर असर'

■ प्रभाव संवाददाता

**काठमाडौं–** सरकारको वार्षिक बजेट कार्यान्वयन प्रक्रिया कमजोर हुँदा यसले निजी क्षेत्रको मनोबल घटाएको सरोकारवालाहरूले बताएका छन् । यसले समग्र राष्ट्रिय अर्थतन्त्रमासमेत नकारात्मक प्रभाव पारेको उनीहरूको धारणा छ ।

नेपाल उद्योग परिसंघले शुक्रबार यहाँ आयोजना गरेको 'बजेट र औद्योगिक विकास' विषयक सार्वजनिक-निजी संवाद कार्यक्रमका वक्ताहरूले यस्तो धारणा राखेका हुन् । बजेटमा उल्लेख गरिएका महत्त्वाकांक्षी योजना समयमै कार्यान्वयन हुन नसक्दा पुँजीगत खर्चमा कमी, औद्योगिक क्षेत्रको विस्तारमा बाधा र रोजगार सिर्जनामा अपेक्षित उपलब्धि हासिल हुन नसकेको उनीहरूले बताए ।



कार्यक्रममा राष्ट्रिय योजना आयोगका सदस्य डा. प्रकाशकुमार श्रेष्ठले बजेट कार्यान्वयन गर्ने संरचना र कर्मचारी प्रशासन निकै कमजोर रहेको बताए । 'हाम्रा संस्था साह्रै कमजोर रहेछन् । राष्ट्रिय योजना आयोगकै अवस्था हेर्ने हो भने पनि यसको कार्यक्षेत्र, भूमिका र संरचना घट्दै गएका छन्,' उनले भने, 'विकासका लागि संस्थागत क्षमता चाहिन्छ । त्यसमा हामी कमजोर छौं ।'

मानव संशाधनमा पनि समस्या रहेको उनले बताए । चाँडोचाँडो सरुवा हुने प्रवृत्तिले कर्मचारीमा क्षमता विकास हुन नसक्ने र निर्णय गर्ने क्षमतामा ह्रास आउने उनको भनाइ छ । कर्मचारीका लागि उत्प्रेरणा र दण्डको प्रावधान पनि कार्यान्वयन हुन नसकेको पनि उनले बताए । बजेट प्रभावकारी कार्यान्वयनका लागि प्रक्रियागत जटिलता कायम रहेको श्रेष्ठले स्वीकारे ।

नेपाल उद्योग परिसंघका अध्यक्ष राजेशकुमार अग्रवालले बजेटले महत्त्वाकांक्षी लक्ष्य राख्ने गरे पनि कार्यान्वयनपक्ष कमजोर रहेको बताए । 'बजेटले महत्त्वपूर्ण लक्ष्य राख्ने तर कार्यान्वयन भने कमजोर रहने गरेको अनुभव सबैले महसुस गरेका छौं,' उनले भने, 'बजेटको सफल कार्यान्वयनले नै पुँजीगत खर्च बढ्ने, नीतिगत सुधार हुने र समग्र अर्थतन्त्रमा सकारात्मक प्रभाव पर्ने भएकाले यसको प्रभावकारी कार्यान्वयन अतिआवश्यक छ ।'

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव कृष्णबहादुर राउतले राजनीतिक परिवर्तनले बजेट कार्यान्वयनमा समस्या नल्याउने दाबी गरे । त्यस्तै लगानी र व्यवसाय वातावरण बनाउनका लागि महत्त्वपूर्ण कानुनी र नीतिगत सुधार भएको उनको भनाइ छ । 'औद्योगिक र वाणिज्य नीतिको निर्माण भइसकेको छ, विभिन्न कानुनी सुधार पनि भएका छन्,' उनले भने, 'बौद्धिक सम्पत्ति र खानी-खनिज क्षेत्रसँग सम्बन्धित कानुन संशोधनको तयारीमा छन् ।' उनले प्रक्रियागत जटिलता घटाउन ऐन-कानुन निर्माण भइसकेको र कार्यान्वयन पनि सुरु भइसकेको उल्लेख गरे । स्वदेशी उत्पादन प्रयोग प्रवर्द्धन गर्नुपर्ने र सार्वजनिक निकायमा अनिवार्यरूपमा स्वदेशी वस्तु प्रयोग गर्ने नीतिलाई प्रभावकारी बनाइनुपर्ने बताए ।

पूर्वसचिव कृष्ण ज्ञवालीले बजेट आफैं राम्रो भए पनि कार्यान्वयनमा समस्या रहेको बताए । 'प्रभावकारी बजेट कार्यान्वयनमा अन्तरनिकाय र तहबीच समन्वय कमजोर छ,' उनले भने, 'संस्थागत सुधार, जनशक्ति व्यवस्थापन र कर्मचारी संयन्त्रको क्षमता तथा विश्वसनीयतामा अझै प्रश्न उठ्ने गरेको छ, जसमा आत्मालोचना आवश्यक छ ।'

नेपाल सिमेन्ट उत्पादक संघका अध्यक्ष रघुनन्दन मारुले मुलुकभित्र राम्रो लगानीको वातावरण बन्न नसक्दा उद्योगी व्यवसायी निरास बनेको बताए । 'नेपालमा व्यवसाय गर्न अहिले पनि सहज वातावरण छैन । प्रशासनिक उल्झन, नीतिगत अस्पष्टता र कर्मचारी संयन्त्रको मनोबल खस्किँदा सेवाग्राहीले पनि समयमै सेवा पाउन सकेका छैनन्,' उनले भने । उनले नेपालमा खानी तथा खनिज स्रोतको उपयोग गर्न नसकिएकोप्रति चिन्ता व्यक्त गरे ।

सेजन अध्यक्ष सुजन ओलीले चालु आर्थिक वर्षको दोस्रो त्रैमाससम्मको बजेट कार्यान्वयन स्थिति प्रस्तुत गरे । 'सत्ता परिवर्तनपछि बजेटमा पूर्णस्वामित्वको अभाव हुँदा कार्यान्वयनमा असर परेको देखिन्छ,' प्रगति समीक्षा प्रतिवेदनको सारांश प्रस्तुत गर्दै उनले भने, 'चालु आर्थिक वर्षको दोस्रो त्रैमाससम्म आर्थिक क्षेत्रसँग सम्बन्धित ६३ बुँदामध्ये १२.७ प्रतिशतमात्र पूर्णकार्यान्वयन भएको छ भने २७ प्रतिशत बुँदा शून्य कार्यान्वयनमा छन् ।'

पछिल्लो समय महत्त्वपूर्ण कानुनी सुधार भए पनि पुँजीगत खर्च, ठूला आयोजना र संघ-प्रदेश समन्वयमा कमजोरी रहेको 'बजेट वाच' प्रतिवेदनको निष्कर्ष छ । त्यस्तै चालु आवको बजेटमा परेका गण्डकी आर्थिक त्रिभुजजस्ता परियोजना अलपत्र परेको, प्रक्रियागत जटिलता, समन्वय अभाव र पूर्वतयारीको कमी अर्थतन्त्रको मुख्य चुनौती भएको प्रतिवेदनमा जनाइएको छ । उक्त कार्यक्रम नेपाल आर्थिक पत्रकार समाज (सेजन) को साझेदारीमा भएको हो ।

# सगरमाथामा नयाँ कीर्तिमान बनाउने प्रतिस्पर्धा

**काठमाडौं–** विश्वको सर्वोच्च शिखर सगरमाथा आरोहणको ७२ वर्षे दौरानमा प्रतिस्पर्धा, होडबाजी र कीर्तिमानका चाङ लागिरहेका छन् । सगरमाथा आरोहण आफैंमा जोखिम र संवेदनशील यात्रा हो । आरोहणका क्रममा कतिपय आरोहीले ज्यान नै दाउ लाउनुपर्छ । जोखिमपूर्ण यात्रा भए पनि सगरमाथामा नयाँ-नयाँ कीर्तिमान बनाउने बढिरहेका छन् ।

३० पटक सगरमाथा आरोहण गरेर विश्वकीर्तिमान बनाएका कामीरिता शेर्पादेखि एकै सिजनमा तीनपटक सगरमाथा चढेर कीर्तिमान कायम गरेकी फोटो पत्रकार पूर्णिमा श्रेष्ठ, दुवै खुट्टा गुमाएका हरिबहादुर बुढासहित विभिन्न कीर्तिमान बनाउनेको संख्या लामै छ । हिउँचितुवाको उपनामले चर्चित स्वर्गीय आङ्रिता शेर्पाले बिनाअक्सिजन १० पटक सगरमाथा आरोहण गरेर विश्वकीर्तिमान बनाएका थिए । केही आरोहीले सबैभन्दा छोटो समयमा, सानो उमेरमा सगरमाथा चढेर नयाँ 'रेकर्ड' बनाएका छन् भने विनाअक्सिजन आरोहण गरेर पनि विभिन्न कीर्तिमान कायम गरेका छन् ।

यसै सन्दर्भमा सगरमाथा आरोही टासीग्याल्जेन शेर्पा २० दिनमा चारपटक सगरमाथा चढेर नयाँ कीर्तिमान बनाउने उद्देश्यले आरोहणमा निस्किएका छन् । '२० दिनभित्र चारपटक सगरमाथा चढेर विश्व कीर्तिमान बनाउने मेरो उद्देश्य छ,' उनले भने । सन् २०१७ देखि आरोहणमा लागेका शेर्पाले सगरमाथा चारपटक आरोहण गरिकेका छन् । आमादब्लम, चोयु, मकालु तथा चीनको सिसापाङ्मा हिमाल पनि चढेका छन् ।

सोलुखुम्बुको खुम्बु पासाङ ल्हामु गाउँपालिका-४ का २८ वर्षीय टासीले सुरुमा सगरमाथा आरोहण, दोस्रोपटक आमादब्लम आरोहण गरे । उनका बुबाले सगरमाथा आरोहण गरेका थिए । बुबाकै प्रेरणाले आरोहणमा नयाँ रेकर्ड बनाउन लागेको उनले बताए । दावाफुञ्जु शेर्पाले आठ दिनमा तीनपटक सगरमाथामा चढेर कीर्तिमान बनाएका थिए ।

एटके एक्सपिडिसन कम्पनीमार्फत सगरमाथा आरोहणको नयाँ कीर्तिमान बनाउन त्यसतर्फ लागेको उनले बताए । टासीले सेभेन समिट ट्रेक्स र फोर्टिन पिक कम्पनीमा व्यावसायिक गाइडका रूपमा काम गरेका छन् । परिवारमा बुबा, श्रीमती एक छोरा एक छोरी छन् । टासीले सगरमाथाको चारपटक सफल आरोहण गरिसकेका छन् ।

सिनियर आरोहीले सगरमाथामा राखेको रेकर्ड तोडेर नयाँ रेकर्ड कायम गर्नेगरी आरोहण यात्रामा लागेको उनले उल्लेख गरे । नेपाललाई तेञ्जिङ नोर्गे, आप्पा शेर्पा, बाबुछिरी, कामीरितालगायत कीर्तिमानी शेर्पाले विश्वभर परिचित गराएका छन् । आफूमा पनि उनीहरूले जस्तै सगरमाथामा रेकर्ड राख्ने उद्देश्य रहेको उनले बताए ।

टासीले सगरमाथाको रेकर्डपछि नेपालमा बढीभन्दा बढी विदेशी पर्यटक आकर्षण गर्ने अभियानमा केन्द्रित हुने विश्वास व्यक्त गरे । आफ्नो सगरमाथा यात्राका क्रममा भारत, चीन, अमेरिकालगायत विभिन्न मुलुकका नागरिकलाई चुचुरोमा पुऱ्याएको अनुभव सुनाउने टासीले आगामी दिनमा सात महादेशका अग्ला हिमाल चढ्ने योजना बनाएका छन् । *रासस*

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्प्रेस कलर प्रेस, कार्यालय: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्ण कार्की, सम्पादक: विष्णु तामाङ